# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक २१९ | काठमाडौं | बिहीबार, २० मंसिर २०८१ | Prabhab National Daily | Thursday, December 05, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com


## बल्ल बीआरआई फ्रेमवर्क, परे दस योजना

- चीनका प्रधानमन्त्री ली छयाङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओली चीनको औपचारिक भ्रमणमा रहेको तेस्रो दिन बीआरआई फ्रेमवर्कमा सम्झौता भएको हो
- बीआरआईमा परेका योजना ऋणमा बन्ने कि अनुदानमा यसबारेमा भने परराष्ट्र प्रष्ट छैन
- सन् २०१७ देखि चिनियाँ पक्षबाट शुरू गरिएका सहयोग र योजनाहरु नै बीआरआईको अंग भएको परराष्ट्र स्रोतको दाबी



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल र चीनबीच बेल्ट एन्ड रोड इनिसिएटिभ (बीआरआई) सहकार्यको फ्रेमवर्कमा सम्झौता भएको छ । बुधबार बेइजिङमा भएको सम्झौतामा नेपालका तर्फबाट परराष्ट्र मन्त्रालयका निमित्त सचिव अमृतबहादुर राई र चीनका तर्फबाट नेसनल डेभलपमेन्ट एन्ड रिफर्म कमिसनका उपाध्यक्ष लि सुसेले बीआरआई फ्रेमवर्कमा हस्ताक्षर गरेका हुन् ।

चीनका प्रधानमन्त्री ली छयाङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री केपी शर्मा ओली चीनको औपचारिक भ्रमणमा रहेको तेस्रो दिन यो सम्झौता भएको हो । बीआरआई फ्रेमवर्कमा १० परियोजना परेका छन् । योसँगै बीआरआई कार्यान्वयनमा जाने भएको छ ।

यसअघि सोमबार भएको नौ बुँदे सम्झौतामा यस विषयमा खुलाइएको थिएन । यद्यपि संयुक्त वक्तव्यमा भने बीआरआईको विषयमा चाँडै सहमतिमा जाने उल्लेख गरिएको थियो । २०१३ अक्टोबरमा चीनका राष्ट्रपति सी चिनफिङले घोषणा गरेको बीआरआई परियोजनामा नेपालले सन् २०१४ मा यस परियोजनामा सैद्धान्तिक सहमति जनाउँदै सन् २०१६ मार्च २१ मा ट्रान्जिट ट्रान्सपोट एग्रिमेन्ट हुँदै सन् २०१७ मे १२ मा हस्ताक्षर गरेको हो ।

टोखा–छहरे सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि चीनले सहयोग गर्ने विषयमा सहमति जुटेको विषयमा दुई पक्षीय वक्तव्यमासमेत उल्लेख छ । त्यस्तै, स्याफ्रुबेँसी–रसुवागढी राजमार्ग सुधारलाई तीव्रता दिई निर्माण चाँडो सक्न दुवै पक्ष सहमत भएका छन् ।

### बीआरआईका कार्यक्रम शुरु भइसकेको दाबी

सन् २०१९ मा चीनका राष्ट्रपति चिनफिङको नेपालको राजकीय भ्रमण र सन् २०१८ मा प्रधानमन्त्री केपी शर्मा ओलीको चीनको ⏭ क्रमशः पृष्ठ २ मा

### यी हुन् बीआरआई फ्रेमवर्कमा परेका १० परियोजना

१. टोखा–छहरे टनेल
२. हिल्सा–सिमिकोट सडक योजना
३. किमाथांका–खाँदबारी सडक र पुल
४. केरूङ–काठमाडौं रेलमार्ग
५. अमरगढी सिटी हल प्रोजेक्ट
६. केरूङ–रसुवागढी–चिलिमे २२० केभी प्रसारणलाइन
७. मदन भण्डारी प्राविधिक विश्वविद्यालय
८. काठमाडौं साइन्टिफिक सेन्टर र साइन्स म्युजियम
९. चीन–नेपाल औद्योगिक पार्क दमक
१०. झापा स्पोर्ट्स एन्ड्स एथलेटिक्स कम्पलेक्स

### ऐतिहासिक महत्व राख्ने खालका सम्झौता : *प्रधानमन्त्री ओली*



**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले चीनको औपचारिक भ्रमणका क्रममा ऐतिहासिक महत्व राख्ने खालका सम्झौता भएको बताएका छन् । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा चीनको औपचारिक भ्रमणमा रहेका प्रधानमन्त्री ओलीले चीनका लागि नेपाली राजदूतावाले बुधबार बेइजिङमा आयोजना गरेको 'रिसेप्सन' समारोहमा आपसी सम्बन्धलाई व्यापकता, उचाइ र गहिरो एवं अझ मजबुत बनाउन भ्रमण सार्थक रहेको बताएका हुन् । ⏭ क्रमशः पृष्ठ २ मा

## रवि लामिछानेलाई घुमाइँदै फनफनी



> जतातते उजुरी हाल्न लगाएर हाम्रो सभापति रवि लामिछानेलाई पक्राउ गरेपछि घुमाएको घुमाएकै छ, यो राज्य आतंक हो, यस्तो रोकिनुपर्छ
>
> ■ **कविन्द्र बुर्लाकोटी**
> **कार्यवाहक महामन्त्री, रास्वपा**



■ **जेबी योञ्जन**

**काठमाडौं–** सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा खेपिरहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई चितवन पुर्‍याइएको छ । त्यहाँ उनीविरुद्ध सहारा बचत तथा ऋण सहकारी संस्थामा भएको निक्षेप अपचलनको आरोप छ । आरोपउपर अनुसन्धान गरिरहेको प्रहरीले बयानका लागि उनलाई बिहीबार नै सरकारी वकिल कार्यालयमा पेस गरेको हो ।

त्यस क्रममा प्रदर्शनमा उत्रिएका रास्वपा नेता कार्यकर्ता प्रहरीसँगको झपडमा उत्रिए । कम्तीमा ३० जना रास्वपा नेता कार्यकर्ता घाइते भएको रास्वपाका चितवन सभापति कृष्ण भुसालले बताए । आठ जना प्रहरी पनि घाइते भए । उनीहरूको जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रले बताए । उनका अनुसार प्रदर्शनकारीले सरकारी वकिलको कार्यालय जाने बाटो अवरुद्ध गर्न खोज्दा झडप भएको हो । प्रदर्शनकारीले ढुङ्गा प्रहार गर्न थालेपछि उक्त कार्य रोक्न अश्रुग्यास र पानीको फोहोरा प्रयोग गर्नुपरेको उनले बताए । घाइते प्रहरीहरूको भरतपुर अस्पतालमा उपचार भइरहेको छ । रास्वपाका घाइते नेता कार्यकर्ताको चितवनस्थित भरतपुर सामुदायिक अस्पताल, नारायणी सामुदायिक अस्पताल, देव अस्पताललगायतका अस्पतालमा उपचार भइरहेको चितवन सभापति भुसालले प्रभावलाई बताए ।

चितवनमा सहारा सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोप लामिछानेसमेतलाई लागेको छ । त्यसपछि प्रहरीले लामिछानेलाई बयानका लागि मंगलबार काठमाडौंबाट चितवन पुर्‍याइएको हो । साहारा सहकारीबाट १० करोड ८० लाख गोर्खा मिडियामा गएको आरोप लागेको छ । त्यसकै अनुसन्धानका लागि पनि बयानमा उनलाई त्यहाँ लगिएको हो ।

लामिछानेको बयान जिल्ला सरकारी वकिल कार्यालयमा सकिन बाँकी छ । तर, पर्साको वीरगञ्जमा रहेको सानोपाइला सहकारी संस्थाको बचत रकम ठगी प्रकरणमा बयानका लागि लगिँदै छ । कारण, पर्सा जिल्ला अदालतले लामिछाने, उनका पूर्वव्यावसायिक साझेदार गितेन्द्रबाबु (जिबी) राई, पूर्वडीआईजी छविलाल जोशी, रामबहादुर खनालगायत १४ जनाविरुद्ध बुधबार पक्राउ पूर्जी जारी भएको हो । पर्सा प्रहरीले लामिछाने लगायत विरुद्ध सानोपाइला सहकारी संस्थाको बचत रकम ठगी प्रकरणमा अनुसन्धानका लागि पक्राउ अनुमति मागेको थियो । सोही अनुसार अदालतको आदेश आएको हो । लामिछानेलगायतविरुद्ध ४३७ जनाले उजुरी दिएका छन् । त्यसपछि लामिछानेलाई चितवनबाट वीरगञ्ज लगिने भएको छ ।

वीरगञ्जको सानो पाइला सहकारीको ३३ करोड ५० लाख ७० हजार ४२७ रूपैयाँ ठगी भएको भनेर उजुरी परेको प्रहरीले जनाएको छ । सानोपाइला सहकारी ठगीमा मुख्य आरोपी जीबी, छवि, रवि र कुमार रम्तेललाई भनिएको छ । रम्तेल अहिले कास्की प्रहरीको हिरासतमा छन् । उता जीबी मलेसियामा लुकेको बताइए पनि अहिलेसम्म फेला परेका छैनन् ।

लामिछानेसँग यसअघि सरकारी वकिल कार्यालय काठमाडौंमा स्वर्णलक्ष्मी सहकारीमा भएको ठगी प्रकरणका लागि बयान लिएको थियो । उनलाई गत शुक्रबार, आइतबार र सोमबार उनको बयान वकिल कार्यालयमा सहभागी गराइएको थियो । काठमाडौं प्रहरीले उनीविरुद्ध स्वर्णलक्ष्मी सहकारी प्रकरणमा ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धान गरिरहेको छ । ⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## कात्तिकमा विदेशिए ७१ हजार नेपाली श्रमिक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को कात्तिकमा वैदेशिक रोजगारीका लागि करिब ७१ हजार नेपाली श्रमिक विदेशिएका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको विवरणअनुसार कात्तिकमा ७० हजार ९९० जना नेपाली नयाँ तथा पुनः श्रम स्वीकृति लिएर रोजगारीका लागि विभिन्न मुलुकमा गएका हुन् ।

विभागको तथ्यांकअनुसार कात्तिकमा विदेशिने नेपालीहरूको संख्या गत असोज महिनाको भन्दा झण्डै १७ हजार ४६५ ले वृद्धि भएको छ । असोजमा ५३ हजार ५२५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । चाडवाडका कारण असोज महिनामा विदेश जाने श्रमिक घटे पनि कात्तिक महिनामा ह्वात्तै बढेको विभागको तथ्याङ्कले देखाएको छ ।

विभागको तथ्याङ्कअनुसार नेपाली युवाहरू ९८ वटा मुलुकमा श्रम स्वीकृति लिएर रोजगारीका लागि गएका छन् । गत आर्थिक वर्षको अन्तिमसम्म पहिलो गन्तव्यको रूपमा रहेको संयुक्त अरब इमिरेट्स (यूएई)ले चालु आवको सुरुआती महिनादेखि नै पहिलो स्थान ओगटेको छ । यूएईमा जान कात्तिकमा २३ हजार ६९ जनाले श्रम स्वीकृति लिएका छन् । असोजमा यो संख्या १७ हजार ७२४ मात्रै थियो । यस्तै साउदी अरेबिया जान १३ हजार ५९९ जनाले श्रम स्वीकृति लिएका छन् । असोज भन्दा कात्तिकमा साउदी जाने नेपालीको संख्या तीन हजार १३१ ले बढेर साउदी दोस्रो स्थानमा परेको छ । त्यसैगरी तेस्रो स्थानमा परेको कतारमा ११ हजार ४७५ जना श्रमिकले श्रम स्वीकृति लिएर रोजगारीका लागि पुगेको विभागले उल्लेख गरेको छ । गत आवदेखि नै साउदी र कतार जाने नेपालीको संख्या हाराहारीमा रहे पनि कात्तिक महिनमा केही हजारको अन्तर रहेको विभागको तथ्यांकले देखाएको छ । यस्तै चौथो गन्तव्यमा कुवेत रहेको छ । कुवेतका लागि चार हजार ८८६ जना रोजगारीका लागि पुगेका छन् । यस्तै युरोपेली मुलुक रोमानिया पाँचौं स्थानमा परेको छ । जहाँ तीन हजार ३२० जना गएका छन् ।

यसैगरी नेपालीहरूको प्रमुख गन्तव्यको रूपमा रहेको मलेसियामा भने थोरै मात्रामा श्रमिकले श्रम स्वीकृति लिएका छन् । मलेसिया सरकारले गत मे अन्तिमबाट विदेशी कामदार लिन बन्देज गरेसँगै त्यहाँ जाने नेपालीको संख्या कात्तिकमा तीन हजार ७७ जना मात्रै रहेको छ । यद्यपि विभागको तथ्यांकलाई हेर्दा उल्लिखित मुलुकहरूले नै नेपालको वैदेशिक रोजगारीको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत बढी) ओगटेको देखिन्छ । यसैगरी जापान एक हजार ८५९, क्रोएसिया एक हजार ३९५, बहराइन एक हजार १३८, माल्दिभ्स जान ८३५, ओमान जान ७४३, साइप्रस ६५५, मोरिसस ५७४ र माल्टाका लागि ४८८ जनाले श्रम स्वीकृति लिएका छन् । त्यस्तै कात्तिक महिनामा इपीएस प्रणालीबाट दक्षिण कोरिया जाने नेपालीको संख्या ९५७ जना मात्रै रहेको छ ।

विभागबाट कूल श्रम स्वीकृति लिनेमध्ये पुनः श्रम स्वीकृति लिने ३४ हजार १६६ जना छन् भने पहिलो पटक विदेश जान श्रम स्वीकृति लिनेको संख्या ३६ हजार ८२४ जना रहेका छन् । ⏭ क्रमशः पृष्ठ २ मा

> कात्तिकमा विदेशिने नेपालीहरूको संख्या गत असोज महिनाको भन्दा झण्डै १७ हजार ४६५ ले वृद्धि भएको छ । असोजमा ५३ हजार ५२५ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका थिए । चाडवाडका कारण असोज महिनामा विदेश जाने श्रमिक घटे पनि कात्तिक महिनामा ह्वात्तै बढेको तथ्याङ्कले देखाएको छ ।

### धेरै श्रमिक गएका १० मुलुक

| | | |
|---|---|---|
| युएई | - | २३,०६९ |
| साउदी | - | १३,५९९ |
| कतार | - | ११,४७५ |
| कुवेत | - | ४,८८६ |
| रोमानिया | - | ३,३२० |
| मलेसिया | - | ३,०७७ |
| जापान | - | १,८५९ |
| क्रोएसिया | - | १,३९५ |
| बहराइन | - | १,१३८ |
| कोरिया | - | ९५७ |


**कुवेतमा रोजगार** कम्पनी: GULF NASEEM GENERAL TRAD. & CONT. CO.

पूर्व स्वीकृत मिति : २०८१/०५/२४ पुन: स्वीकृत मिति : २०८१/०७/३० LT. No. 310435 चलानी नं ६०२२८३२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 53 | 0 | 120 | ५२,६९० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 10 | 0 | 120 | ५२,६९० | | | | | | | |
| 3 | Steel Fixer | 10 | 0 | 120 | ५२,६९० | | | | | | | |
| 4 | Scaffolder | 10 | 0 | 120 | ५२,६९० | | | | | | | |
| 5 | Cable Tray Fabricator | 10 | 0 | 120 | ५२,६९० | | | | | | | |
| 6 | Helper/Labor | 7 | 0 | 90 | ३९,५१५ | | | | | | | |

साथै यस मेनपावरको लागि निम्न पदहरूको लागि कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्नुहोला ।

Accountant -1 (F) | Reception -2 (F) | Office Secretary -1 (F)
Manager -1 (M/F) | Pro -6 (M/F) | Documentation -2 (M/F)

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २० गते (5th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/ रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/ रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १)** आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Future Star Manpower Pvt. Ltd.
श्रम ईजाजत नं. 397/060/061
**Future Star Manpower Pvt. Ltd.**
Samakhushi, Townplaning, Kathmandu, Nepal, (Kathmandu)
Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

# विवादका कारण गौरीगंगा साझेदारी वन कार्यान्वयनमा समस्या

**घोडाघोडी (कैलाली)–** यहाँको गौरीगंगा साझेदारी वन आन्तरिक विवादका कारण कार्यान्वयनमा आउन सकेको छैन । दिगो वन व्यवस्थापन गरी राष्ट्रिय तथा स्थानीय अर्थतन्त्रमा टेवा पुऱ्याउने र वन पैदावार आपूर्ति गर्ने उद्देश्यले २०७८ मंसिरमा उक्त वनको कार्य योजना स्वीकृत भएको थियो । सोहीअनुरूप साझेदार पक्ष तथा सरोकारवालाहरूको सहभागितामा २०७९ समूह गठन भएको थियो ।

तर हालसम्म गौरीगंगा साझेदारी वन कार्यान्वयनमा आउन नसकेको हो । समूह सदस्यबीच समझदारी नभएकाले साझेदारी वन कार्यान्वयनमा आउन नसकेको गौरीगंगा नगरपालिकाका नगरप्रमुख देवीदत्त कँडेलले जानकारी दिए । वडास्तरीय उपभोक्ता भेलाबाट सबै वर्गलाई समेटेर छनोट भएका प्रत्येक वडाका सात/सात जना, साझेदारी वन कार्यान्वयन क्षेत्रभित्र पर्ने प्रत्येक वडाको वडाध्यक्षले तोकेका वडा सदस्य एक/एक जना, गौरीगंगा र मोहोन्याल गाउँपालिकाको कार्यपालिकाबाट छनोट भएका प्रतिनिधि गरी जम्मा ५० जना सो वन उपभोक्ता समूहका सदस्य रहने विधानमा छ ।

साझेदारी वन कार्यान्वयन भएमा स्थानीय वन संरक्षण तथा वन पैदावार संकलनमा स्थानीयले रोजगार पाउने नगरप्रमुख कँडेल बताउँछन् । उनका अनुसार वन पैदावार बिक्रीबाट प्राप्त आम्दानी साझेदारी वन कार्यान्वयन क्षेत्रमा पर्ने वडाहरूमा गरिबी न्यूनीकरण, उद्यम विकासलगायत सामाजिक विकासका क्रियाकलापमा खर्च गर्न सकिने हुँदा यसले समग्र सामाजिक आर्थिक विकासमा टेवा पुऱ्याउने अनुमान गरिएको छ ।

वन कार्यान्वयन नहुँदा यी लाभबाट यो क्षेत्र वञ्चित भइरहेको बताउँदै उनले भने, 'यस वर्ष कार्यान्वयनमा लैजान समन्वय गरिरहेका छौं । हाल नौ जना वन हेरालु एक कार्यालयसचिव र एक कार्यालय सहयोगी गरी ११ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।' तर कर्मचारीले २३ महिनादेखि तलब नपाएको कार्यालयसचिव डिलबहादुर बोहरा बताउँछन् । बोहराका अनुसार आर्थिक वर्ष २०७९/८० मा ५६ हजार १९७.८३ घन फिट काठ र ५९.८२ चट्टा दाउरा संकलनका लागि छपान भएको थियो । आव ०८०/८१ मा एक लाख २३ हजार ६६२.०३ घन फिट काठ र १०८.४७ चट्टा दाउरा संकलनका लागि छपान गरिएको थियो ।

काठ, दाउरा संकलनको सूचना प्रकाशित भइसक्दा समूह सदस्यबीचको आन्तरिक विवादका कारण रोकिएको गौरीगंगा साझेदारी वनका सदस्यसचिव वन अधिकृत विश्वराज पण्डितले बताए । पण्डितका अनुसार काठ दाउरा संकलन नहुँदा एकातिर जंगलमै सडेर, जलेर नष्ट भइरहेको छ भने अर्कोतिर स्थानीय तथा राष्ट्रियस्तरमा काठ दाउरा आपूर्तिमा असर परेको छ । साझेदारी वनबाट उत्पादित काठ दाउरा ७० प्रतिशत समूहको र ३० प्रतिशत प्रदेश सरकारले प्राप्त गर्ने प्रावधान छ ।

साझेदारी वन कार्यान्वयन भएमा समूहले आम्दानी गर्ने, वन संरक्षण र व्यवस्थापन प्रभावकारी रूपमा हुनुका साथै राजस्वमा वृद्धि हुने डिभिजन वन कार्यालय कैलालीका डिभिजनल वन अधिकृत कृष्णदत्त भट्ट बताउँछन् । हालसम्म विविध कारणले रोकिए पनि यही वर्षभित्रै कार्यान्वयनमा ल्याउन सरोकारवालासँग समन्वय गरिरहेको भट्टले बताए । साझेदारी वन कार्यान्वयन नहुँदा कर्मचारीलाई तलब खुवाउन नसकिएको समूहका अध्यक्ष बलबहादुर महताले बताए । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### बल्ल बीआरआई...

औपचारिक भ्रमणका क्रममा उत्तर-दक्षिण तीन आर्थिक करिडोरहरू (कोशी आर्थिक करिडोर, गण्डकी आर्थिक करिडोर र कर्णाली आर्थिक करिडोर)को विकासमा सहकार्यका लागि भएको सहमति बमोजिम सम्भाव्यताको अध्ययन गर्ने र ती परियोजना निर्माणलाई तीव्रता दिने सहमतिसमेत यो फ्रेमवर्कमा अटेको छ । यी विषयहरू सबै बीआरआइकै अंग भएको परराष्ट्र मन्त्रालय स्रोतको दाबी छ । 'सन् २०१७ पछि आएका सबै सहयोगहरू बीआरआई अन्तर्गतको हो । भैंसीको मासु निर्यात गर्ने र कोभिडको खोप पनि बीआरआईकै अंग हो । बीआरआई रेल सुरुङमार्ग र सडकमात्र हैन,' स्रोतले भन्यो ।

योसँगै बीआरआईमा परेका योजना ऋणमा बन्ने कि अनुदानमा यसबारेमा भने परराष्ट्र प्रष्ट छैन । प्रत्येक आयोजना शुरु गर्नुअघि यसबारे थप समझदारी हुने र हस्ताक्षर हुने परराष्ट्र स्रोतले जनायो । यसैगरी बन्दरगाहहरूको विकासलाई सुदृढ बनाउने, भन्सार प्रक्रियामा सजिलो बनाउने, दुईतर्फी सहज बनाउने, द्विपक्षीय आर्थिक तथा व्यापारिक सहकार्यलाई प्रवर्द्धन गर्ने, र सीमा क्षेत्रको सामाजिक तथा आर्थिक विकासलाई बढावा दिनेबारे पनि सहमति पनि भएको छ । जिलोङ/केरुङ-रसुवागढी, झाङमु-कोदारी, पुलान-यारी, र लिजी-नेचुङ (कोरला, मुस्ताङ) बन्दरगाहको सहज तथा व्यवस्थित सञ्चालनको विषयमा पनि छलफल भएको थियो । दुई देशबीचका परम्परागत व्यापार नाकालाई सञ्चालनमा ल्याई व्यापार प्रवर्द्धन एवं दुवै देशका सीमा क्षेत्रमा बसोबास गर्ने जनताको जीवन सहज बनाउने सहमति भएको छ ।

दुवै देशबीचका द्विपक्षीय र अन्तर्राष्ट्रिय बन्दरगाह खोल्ने सम्भावनाबारे विचार गर्न पनि नेपाली पक्षले चिनियाँ पक्षलाई आग्रह गरेको छ । चिनियाँ पक्षले मुस्ताङको कोरलामा आन्तरिक भन्सार जाँचचौकी (आइसिडी) र एकीकृत जाँचचौकी (आइसिपी) निर्माणलाई सहज बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । दुवै पक्षले जिलोङ/केरुङ-काठमाडौं सीमापार रेलमार्गको सम्भाव्यता अध्ययनलाई क्रमशः अघि बढाउने इच्छा व्यक्त गरेका छन् भने चीन-नेपाल रेल्वे सहकार्यसम्बन्धी कार्यकारी समितिको बैठक आयोजना गर्ने सहमति भएको छ । चिनियाँ पक्षले रेल्वे क्षेत्रमा नेपाललाई आवश्यक प्राविधिक जनशक्ति तालिम जारी राख्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

●●●

### ऐतिहासिक महत्व...

प्रधानमन्त्रीले नेपाल राजनीतिक स्थिरता र समृद्धिको युगमा प्रवेश गरेकाले अब चीनजस्ता विकसित मुलुकबाट लगानी र सहकार्य वृद्धिगरी समृद्धिको यात्रामा अगाडि बढिरहेका सन्दर्भमा सन् २०२५ मा धेरै ठूलो संख्यामा चीनका पर्यटन नेपाल ल्याउने गरी तयारी भएको जानकारी दिए । उनले चीनका व्यवसायी उद्यमीको छलफलबाट आफू उत्साहित भएको जनाए । प्रधानमन्त्री ओलीले नेपालमा प्रमुख दुई दलको सहकार्यमा बनेको वर्तमान सरकारले नेपाललाई आधुनिक र समृद्ध बनाउन हरसम्भव प्रयास पनि उल्लेख गरे । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले प्रधानमन्त्री ओलीको भ्रमणले दुई देशको सम्बन्धलाई उचाइमा लान बल पुगेको बताइन् । चीनका लागि नेपाली राजदूत डा कृष्णप्रसाद ओलीले दुई देशको पारस्परिक विश्वास र समझदारी वृद्धि गर्न भ्रमण सफल रहेको बताए ।

●●●

### कात्तिकमा विदेशिए...

चालु आवको चौथो महिनामा श्रम स्वीकृति लिनेमध्ये आठ हजार १०० जना महिला श्रमिक रहेको विभागले उल्लेख गरेको छ । चालु आव सुरु भएसँगै वैदेशिक रोजगारीका लागि युरोपेली मुलुकमा जान श्रम स्वीकृति लिने नेपालीको संख्या घटेको देखिए पनि यस पटक बढेको छ ।

यसरी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीका लागि जानेहरूमा उच्च दक्षता भएकादेखि अदक्ष श्रमिक रहेको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । कात्तिकमा उच्च दक्षता हासिल गरेका १०४ जना र पेशागत दक्षता भएका ४४१ जना नेपालीहरू श्रम स्वीकृति लिएर रोजगारीको लागि विभिन्न मुलुकमा पुगेका छन् । वैदेशिक रोजगारीको क्रममा सबैभन्दा बढी दक्ष कामदार गएको विभागले जनाएको छ । यो संख्या ४६ हजार ५५८ रहेको छ । यस्तै अर्धदक्ष श्रमिकको रूपमा ७ हजार ९१६ जना बाहिरिएका छन् भने १५ हजार ९७१ अदक्ष श्रमिक कात्तिक महिनामा विदेशिएका छन् ।

●●●

### रवि लामिछानेलाई ...

गोर्खा मिडिया नेटवर्कमा लामिछाने प्रबन्ध निर्देशक र पूर्वडीआईजी जोशी उपाध्यक्ष रहेका बेला स्वर्णलक्ष्मी सहकारीको रकम लगेर अपचलन गरेको प्रकरणमा काठमाडौं प्रहरीले अनुसन्धान गरिरहेको हो । उक्त सहकारी ठगीमा लामिछाने र जोशीको पनि संलग्नता भेटिएपछि अनुसन्धानका लागि अदालतबाट पक्राउ पुर्जी लिइएको काठमाडौं प्रहरी स्रोतले जनाएको छ ।

स्वर्णलक्ष्मीबाट १ अर्ब ११ करोड १८ लाख ५८ हजार हिनामिना गरेको भन्दै ६ सय ४५ सदस्यले ठगीमा जाहेरी दिएका थिए । सहकारीका तत्कालीन सञ्चालक, कर्मचारी, गोर्खा मिडियाका पदाधिकारीलगायतको मिलेमतोमा बचत अपचलन भएको अनुसन्धानका क्रममा भेटिएको छ । रास्वपा कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीका अनुसार लामिछानेलाई बयानको नाममा घुमाएको घुमाएकै गरेर राज्यले आतंक गरेको बताए ।

'जताततै आफ्ना कार्यकर्तालाई उजुरी हाल्न लगाएर हाम्रो सभापति रवि लामिछानेलाई पक्राउ गरेपछि घुमाएको घुमाएकै छ, यो राज्य आतंक हो, यस्तो रोकिनुपर्छ', बुर्लाकोटीले भने । काठमाडौंभन्दा पहिले प्रहरीले उनलाई बुटवलको सुप्रिम सहकारी ठगीको अनुसन्धानका लागि बयान प्रक्रियामा अघि बढाएको थियो । त्यहाँ उनले धेरै प्रश्नको इन्कारी बयान दिएका थिए ।

सहकारी ठगीको आरोपमा लामिछानेलाई २ कात्तिकमा प्रहरीले उनकै पार्टी कार्यालय बनस्थलीबाट पक्राउ गरेको थियो । उनीमाथि सहकारी ठगी, संगठित अपराधका साथै सम्पत्ति शुद्धीकरणको कसुरमा समेत प्रहरीले अनुसन्धान गरिरहेको छ । यहाँ लामिछानेसहित २८ जना प्रतिवादी छन् । एक हजार ८३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रूपैयाँ हिनामिना भएको दाबी छ । त्यसमध्ये सुप्रिम सहकारीको १४ करोड २९ लाख रूपैयाँ भन्दा बढी रकम गोर्खा मिडिया नेटवर्क प्रालिमा लगानी गरेर हिनामिना गरेको भेटिएको छ । उक्त रकममध्ये करिब २ करोड रूपैयाँ प्रक्रिया पूरा नगरी रवि लामिछानेको नाममा ऋण गएको भेटिएको थियो । तर, हाल रवि फरार छन् । रूपन्देहीअघि रविलाई पोखरा लगिएको थियो । त्यहाँको सूर्यदर्शन सहकारीमा बचत ठगीको विषय छ ।

३ कात्तिकको बिहानै पोखरा पुऱ्याएको लामिछानेलाई त्यहाँ पटकपटक म्याद थप गर्दै राख्ने गरिएको छ । लामिछानेले भने आफूमाथिको आरोपलाई अस्वीकार गर्दै आएका छन् । बयानकै क्रममा उनले पटकपटक इन्कारी बयान दिएका छन् । उनले आफ्नो पक्राउलाई राजनीतिक प्रतिशोध भनेका छन् । त्यसो भन्दा पार्टी पंक्ति सडक प्रदर्शनमा आएको अवस्था देखिएको छ । जसले विधिको शासनलाई चुनौती थप्ने टिकाटिप्पणी भइरहेको छ ।


**साउदीमा रोजगार** कम्पनी : Natejah Industry Company is a one-person company

पूर्व स्वीकृति मिति : २०८१/०८/१७ LT. No. 314778 चलानी नं.६०२२९१८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD & UNLOAD WORKER | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Abdul Mohsen Hamad Ibrahim Al-Mughamis Trading Establishment शेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ LT. No. 314837 चलानी नं.६०२२९१९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture assembler helper | 1 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Indian Pie Restaurant

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ LT. No. 314838 चलानी नं.६०२२९१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 2 | 0 | 1600 | ५७,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1200 | ४२,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

**कतारमा रोजगार** कम्पनी : AL RAYYAN PROJECTS MANAGEMENT

पूर्व स्वीकृति मिति : २०८१/०३/०१ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१९ LT. No. 306473 चलानी नं. ६०२२११६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gateman | 3 | 0 | 1000 | ३७,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitian City-9, Gairigaun, Bagmati Province
Phone No. 9843148012, 9707934456

**साउदीमा रोजगार** कम्पनी : SARH SPECIALIZED CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८१/०८/१० LT. No. 314280 चलानी नं. ६०२२९१९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 7 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 771/065/066
ASMITA INTERNATIONAL OVERSEAS P. LTD.
Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547
E-mail : asmitainternational2013@gmail.com

**साउदीमा रोजगार** कम्पनी : National Factory for Processing and Treating Minerals

पूर्व स्वीकृति मिति : २०८१/०७/०९ LT. No. 312765 चलानी नं. ६०२२७१५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker Loading And Unloading | 5 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक १७ गते (2nd Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 312765 मितिः २०८१/०७/१० मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

License No. : 646/063/064
Career International Services (P.) Ltd.
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३, Email : info@career-intl.com, Website : www.career-intl.com

**बहराइनमा रोजगार** कम्पनी : THE JOINERY FACTORY WLL

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ LT. No. 314923 चलानी नं. ६०२२९२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Finishing Carpenter | 6 | 0 | 130 | ४६,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 2 | 0 | 100 | ३५,९९० | | | | | | | |
| 3 | Spray Painters | 2 | 0 | 130 | ४६,७८५ | | | | | | | |

कम्पनी : ADVANCED PERSONAL COMPUTER

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ LT. No. 314824 चलानी नं. ६०२२९१७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Boy | 5 | 0 | 120 | ४३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Salesman | 5 | 0 | 160 | ५७,५८० | | | | | | | |

कम्पनी : MAGIC SHINE CLEANING CO.W.L.L

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ LT. No. 314922 चलानी नं.६०२२९२२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners (Male) | 80 | 0 | 100 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners Female | 0 | 20 | 120 | ४३,१८५ | | | | | | | |

कम्पनी : ABDULRAHMAN ALJASMI ASTABAL

पूर्व स्वीकृति मिति : २०८१/०८/१९ LT. No. 314921 चलानी नं.६०२२९२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardening Worker | 25 | 0 | 100 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Eminence Recruitment International Pvt Ltd Govt. License No. 1569/079/80
Bhimsengola-31, Prayagmarg, Kathmandu Tel No: 01-4110036, 4110040, 9851164154, 9849964370
9803193977, Branch Office Chitwan (9855063454, 9806595102, Email : Info@eminencenepal.com, Website : Ww.eminencenepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

बिहीबार, २० मंसिर, २०८१

| | |
|---|---|
| **मेष** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **वृष** | अरूको करकापमा काम गर्न बाध्य । |
| **मिथुन** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **कन्या** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **तुला** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| **वृश्चिक** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **धनु** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **मकर** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **कुम्भ** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **मीन** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२० मंसिर, २०८१ (०५ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.६३ | १३५.२३ |
| युरो | १ को | १४१.४८ | १४२.११ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.३० | १७०.०६ |
| स्विस फ्रेन्क | १ को | १५१.९३ | १५२.६० |
| अस्ट्रेलियन डलर | १ को | ८७.३० | ८७.६९ |
| क्यानाडियन डलर | १ को | ९५.५० | ९५.९२ |
| सिङ्गापुर डलर | १ को | ९९.९५ | १००.३९ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.५७ | १८.६५ |
| साउदी अरब रियाल | १ को | ३५.८४ | ३६.०० |
| कतारी रियाल | १ को | ३६.९३ | ३७.०९ |
| थाई भाट | १ को | ३.८८ | ३.९० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६५ | ३६.८२ |
| मलेसियन रिङेट | १ को | ३०.२० | ३०.३४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १७.३० | १७.३८ |
| कुवेती दिनार | १ को | ४३७.५८ | ४३९.५३ |
| बहराइन दिनार | १ को | ३५७.११ | ३५८.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# अपांगता स्याहार केन्द्रले बालबालिकामा ल्याएको खुसी

**काठमाडौं–** सन्तानको सफलता नचाहने र उनीहरूको भविष्यबारे सपना नदेख्ने अभिभावक को होलान् र ? जोकोहीलाई आफ्नो सन्तानको सफलता देख्ने रहर हुन्छ । रत्नकला ओलीको सपना पनि त्यो भन्दा फरक थिएन । आफ्नो पहिलो सन्तानको खुसी र सफलतामा रमाउने उनको पनि सपना थियो ।

तर, ओलीको परिवारमा ठूलो बज्रपात पर्‍यो । पहिलो सन्ताननै शारीरिकरूपमा अपांगता भएको अवस्थामा जन्मियो । वि.सं. २०६० मा जन्मिएका ओम किशान्त डल्लाकोटी अस्पतालबाटै शारीरिक अशक्त भएको परिवारले थाहा पायो । ओमप्रशान्त हाल २१ वर्षको भए । उनी पूर्णरूपमा शारीरिक अपांगता भएका छन् । 'पहिलो सन्तानप्रतिको सपना र चाहनामा तुसारापात भयो । परिवारमा बज्रपात आइलाग्यो,' ओमप्रशान्तका बुबा उद्धवराज डल्लाकोटीले भावुक मुद्रामा भने, 'मेरा अरु दुई छोरा राम्रा छन् । एउटा अध्ययनका लागि विदेशमा छ, अर्को नेपालमै लङ टेनिस खेलाडी छ ।'

जेठो छोरो ओमप्रशान्त शारीरिक अपांगता भएपछि रत्नकला ओलीले अपांगता स्याहार केन्द्र खोल्ने अठोट गरिन् । 'आजभन्दा २१ वर्ष अगाडि अपांगता भएको सन्तानको पीडाले विक्षिप्त भएको मन मस्तिष्कलाई नियन्त्रणमा लिएर कठिन परिस्थितिमा बालबालिकाको हेरचाह गर्ने सामाजिक सेवा भाव राखेर आजको अवस्थामा आइपुगेको हुँ,' उनले विगत स्मरण गर्दै भनिन् । छोराको नामबाटै वि.सं. २०६७ मा 'ओम अपांगता बालबालिका स्याहार केन्द्र' स्थापना गरेर ओलीले शारीरिक र मानसिक समस्यामा रहेका बेवारिसे बालबालिकाको स्याहार गर्न थालिन् । करिब १० वर्ष भाडाको घरमा सञ्चालन हुँदै आएको केन्द्र हाल अढाइ तले सुविधासम्पन्न पक्की भवनमा सरेको छ ।

३३औं अपांगता अन्तर्राष्ट्रिय दिवसका अवसरमा मंगलबार नवनिर्मित स्याहार केन्द्र भवनको चन्द्रागिरि नगरपालिकाका नगरप्रमुख धनश्याम गिरी र किवानी इन्टरनेसनल बोर्ड अफ ट्रस्टी मोहन लम्सालले संयुक्तरूपमा उद्घाटन गरे ।

केन्द्रकी अध्यक्ष ओलीले अपांगता दिवसको दिन अशक्त बालबालिकालाई उपहारस्वरूप नयाँ भवन सम्पन्न गर्न पाउँदा अत्यन्तै हर्षित भएको बताइन् । उनका अनुसार पाँच/सात जनाको समूहले २० लाख रूपैयाँ रकमबाट निर्माण सुरु गरेको स्याहार केन्द्रलाई विभिन्न दाता, शुभेच्छुक र स्वीट्जरल्याण्डका दुई नागरिकको सहयोगमा आफ्नै भवन बनाउन सफल भएको हो । फिस्टेल सेक्युरिटी सर्भिसको प्रबन्ध निर्देशकसमेत रहेकी रत्नकलाका श्रीमान् उद्धवराज डल्लाकोटीले केन्द्रको कोषाध्यक्षको भूमिकामा रहेर काम गरे ।

केन्द्रको भवन निर्माणका लागि चन्द्रागिरि नगरपालिका तथा नेपालबाट ८० भन्दा बढी दाता र केही विदेशी नागरिकले सहयोग गरेका छन् । भवन निर्माणका लागि हालसम्म दुई करोड १९ लाख रूपैयाँ खर्च भएको अध्यक्ष ओलीले जानकारी दिए । यो आवासीय स्याहार केन्द्रमा हाल २६ जना अपांगता भएका बालबालिका छन् । उनीहरूलाई सीपमूलक हस्तकलाका सामग्री उत्पादनमा सक्रिय गराइएको छ । अस्पतालमा उपचार हुन नसकेर बेवारिसे बनेका, सडकमा अलपत्र परेका र अपांगता भएका बालबालिकालाई स्याहार केन्द्रमा ल्याएर हुर्काउने र शिक्षा प्रबन्ध मिलाइएको संस्थाले जनाएको छ । केन्द्रकी अध्यक्ष ओलीले चन्द्रागिरि नगरपालिकासँगको समन्वय र सहकार्यमा भवनको क्षमता अभिवृद्धि गर्ने र भवनमा आवश्यक पूर्वाधार विकास गर्ने योजना रहेको सुनाइन् । नयाँ भवन पाएपछि अपांगता भएका बालबालिका निकै खुसी भएको केन्द्रले जनाएको छ ।

कार्यक्रममा चन्द्रागिरि नगरपालिकाका नगरप्रमुख घनश्याम गिरीले अपांगता भएका बालबालिकाको संरक्षण र स्याहारसुसारका लागि नगरपालिकाले सम्बन्धित संस्थाहरूसँग सहकार्य गर्दै आएको बताए । उनले आवासीयरूपमा ओम अपांगता बालबालिका स्याहार केन्द्र स्थापना हुने नगरपालिकाकै गौरवको विषय भएको भन्दै नगरपालिकाभित्र २०० भन्दा बढी अपांगता भएका बालबालिकाको व्यवस्थापनमा सरोकारवाला संस्थासँग सहकार्य गरिरहेको जानकारी दिए । अशक्त बालबालिकालाई आवासमात्रै नभई सीपमूलक तालिम दिएर स्वरोजगार बनाउने कार्यमा पनि नगरपालिकाले सहजीकरण गरिरहेको उल्लेख गरे ।

पर्यटन व्यवसायी मोहन लम्सालले शारीरिक र मानसिकरूपमा अपांगता भएका बालबालिकाको लागि आवासीय स्याहार केन्द्र स्थापनामा सहयोग गर्ने अवसर पाउँदा खुसी लागेको बताउँदै आगामी दिनमा यस्ता केन्द्र र विद्यालय निर्माणमा निरन्तर सहयोग जुटाउने विश्वास व्यक्त गरे । चन्द्रागिरि वडा नं १३ का अध्यक्ष श्रीकृष्ण खत्रीले अशक्त बालबालिकाको स्थायी व्यवस्थापनका लागि स्थापित स्याहार केन्द्रलाई नमूनाको रूपमा विकास गरिनुपर्नेमा जोड दिए । बालअधिकारको क्षेत्रमा कार्यरत नवीनचन्द्र घिमिरेले अपांगता भएका बालबालिकाको स्थायी व्यवस्थापन निकै जटिल विषय बनिरहेको सन्दर्भमा यस्ता आवासीय भवन उपयोगी हुने बताउँदै बालसुधार केन्द्रहरूको दिगो र प्रभावकारी व्यवस्थापन गर्न जरुरी रहेको उल्लेख गरे ।

अपांगता स्याहार केन्द्रले राष्ट्रिय बालअधिकार परिषद् तथा बालबालिका खोजतलास केन्द्रबाट सडकमा अलपत्र भएका बालबालिकाहरू सिफारिस गरेका आधारमा बालबालिकालाई स्याहार केन्द्रमा संरक्षण गर्दै आएको केन्द्रले जनाएको छ । बाबाआमा कोही नभएर परिवारबाट अपहेलित भएर सडकमा आएका बालबालिकालाई यहाँ ल्याउने गरिन्छ । धेरैजसो बालबालिका खोजतलास केन्द्रबाट आएका छन् । अन्य घरपरिवार बा, आमाको घरका झगडाले छुट्टिएपछि बेसहारा भएका बालबालिका गाउँ छिमेक, नगरपालिका, वडाबाट सिफारिस भएर आउने गरेका छन् । संस्थाले यस्ता बालबालिका विभिन्न किसिमबाट अपांगता भएका कारण आफ्नो स्याहार आफैं गर्न नसक्ने बालबालिकालाई 'फिजियोथेरापी,' विशेष शिक्षा दिँदै आएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्बाट सिफारिस गरेर पठाएका बालबालिकालाई वार्षिक पाँच/छ लाख रूपैयाँ परिषद्ले अनुदान उपलब्ध गराउने गरेको छ । हातेमालो गर्ने विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदाय, स्थानीय क्लब, स्थानीय नागरिक, चिनजानबाट पनि सहयोग प्राप्त हुने गरेको केन्द्रले जनाएको छ । स्याहार केन्द्रमा मस्तिष्क पक्षघात भएका, शारीरिक अपांगता भएका बालबालिका छन् । उनीहरूलाई अनौपचारिक शिक्षाको व्यवस्था गरिएको छ । *रासस*


## दोभान खोला हाइड्रोपावर लिमिटेड

**Dobhan Khola Hydro Power Limited**

का.म.न.पा.–४, चन्डोल, काठमाडौं, नेपाल

फोन : ०१–४५४२८६०, इमेल : dobhankhola2023@gmail.com

DOBHAN KHOLA Hydropower Limited

### तेस्रो वार्षिक साधारणसभा सम्बन्धी सूचना

*(दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/२० गते)*

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**

मिति : २०८१ साल पौष १४ गते (तदअनुसार २९, डिसेम्वर २०२४) आइतबार ।

स्थान : केन्द्रिय कार्यालय, का.म.न.पा.-४, चण्डोल, काठमाडौं।

समय : बिहान १०:०० बजे ।

**(क) साधारण प्रस्ताव**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०८०/०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण सम्बन्धी छलफल गरी स्वीकृत गर्ने ।

३. आ.व. २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको परिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरू**

१. आ.व. २०८०/०८१ मा विभिन्न संस्था तथा ब्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम अनुमोदन गर्ने ।

२. कम्पनीको प्रबन्ध पत्र तथा नियमावाली संशोधन गर्न अख्तियारी सञ्चालक समितिलाई दिने ।

**(ग) विविध**

**साधारणसभा सम्बन्धी जानकारीहरू**

१. साधारणसभामा आफ्नो जिज्ञसा राख्न चाहनुहुने शेयरधनीहरूले आफ्नो जिज्ञासा साधारणसभा हुने २ दिनअघि नै इमेल dobhankhola2023@gmail.com मार्फत पठाउनु पर्नेछ ।

२. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका अध्यक्ष आफैले वा सभाका अध्यक्षबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।

**३. विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


Province Government
Ministry of Tourism, Forest & Environment

## TOURISM DEVELOPMENT PROJECT

Koshi Province, Biratnagar

## Invitation for Bid

**First Date of Publication:2081-08-20**

1. Tourism Development Project, Biratnagar invites bids from eligible bidders for following procurement of works:

| S. N. | Contract Identification Number | Description and Location of Works | Bid Validity period (Days) | Estimated Amount with VAT & PS (NRs. ) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | SEALEDQUOTATION/ 081-082/TDP/27 | Bhimeshwor Puratatuik Mandir Nirman, Triyuga. Na. Pa-11(Construction of Compound Wall Work) | 75 | 1499981.47 | 38000 | 1000.00 |
| 2. | SEALEDQUOTATION/ 081-082/TDP/28 | Jalpadevi Than Jane Sidhi Railling Nirman, Triyuga.Na. Pa-16, Udayapur (Construction of Railling & Stone Masonry Wall Work for protection) | 75 | 1999723.88 | 50000 | 1000.00 |
| 3. | SEALEDQUOTATION/ 081-082/TDP/29 | Harit Park Nirman, Triyuga. Na. Pa-12(Construction of Compound Wall Work) | 75 | 1099976.61 | 28000 | 1000.00 |
| 4. | SEALEDQUOTATION/ 081-082/TDP/30 | Shree Ram Janki Sewa Mandir Adhuro Samudayik Bhawan Bijaypur Tole Tribeni Marg (Construction of Building (Plaster, Railing,CGI &Truss , Tiles & Sanitary Work,etc.) | 75 | 999546.52 | 25000 | 1000.00 |
| 5. | SEALEDQUOTATION/ 081-082/TDP/31 | Shree Shree 108 Shree Radhakrishna Mandir Purbadhar Nirman, Biratnagar-12 (Construction of Building Works) | 75 | 1199982.93 | 30000 | 1000.00 |
| 6. | SEALEDQUOTATION/ 081-082/TDP/32 | Guptabaraha dhamma Shidhi r Dharmik Paryatakiya Purwadhar, Barahakshetra-1, Sunsari(Iron Work & Masonary Work) | 75 | 1999560.21 | 50000 | 1000.00 |
| 7. | SEALEDQUOTATION/ 081-082/TDP/33 | Pancha Mahalaxmi Satsang Sewa Aashram Bhautik Sanrchana Nirman, Duhabi-3(Construction of Building Finishing Work) | 75 | 1199764.28 | 30000 | 1000.00 |
| 8. | SEALEDQUOTATION/ 081-082/TDP/34 | Namdrol Tharpaling Gonpa Singaamdanda Paryatikya Purbadhar Nirman, Khijidamba-04, Okhaldhunga (Construction of Truss Building Works) | 75 | 999890.08 | 25000 | 1000.00 |
| 9. | SEALEDQUOTATION/ 081-082/TDP/35 | Gauritap Dharmik Samrakxan Samati Bhawan Nirman, Solududhakunda Na. Pa-11(Construction of Truss Building Works) | 75 | 1999677.66 | 50000 | 1000.00 |
| 10. | SEALEDQUOTATION/ 081-082/TDP/36 | Chaaskur Paryatakiya Bhawan Nirman, Mapaya Dudhakoshi-04, Solukhumbu (Construction of Building Works) | 75 | 1999953.21 | 50000 | 1000.00 |
| 11. | SEALEDQUOTATION/ 081-082/TDP/37 | Khada Devi Mandir Nirman Tatha Samrakxan, Khiji Demba-02, Okhaldhunga (Constructtion of Building Works) | 75 | 1199742.46 | 30000 | 1000.00 |
| 12. | SEALEDQUOTATION/ 081-082/TDP/38 | Kameri Mountain Paryatakiya Sthal Nirman Chultho Samudayik Ban, Buddhashanti-05, Jhapa (Construction of Toilate,Picnic Shed,Gabion Works ) | 75 | 1999964.87 | 50000 | 1000.00 |
| 13. | SEALEDQUOTATION/ 081-082/TDP/39 | Harisidhhi Suting Dada Tatha Simsar Paryatakiya Chhetra Nirman Buddhashanti-04 (Construction of PCC Footrack, Plumb Wall, MS Black Pipe Railing etc) | 75 | 1999986.69 | 50000 | 1000.00 |
| 14. | SEALEDQUOTATION/ 081-082/TDP/40 | Panchakanya Kalihadham Tatha Maulo Paryyatan Purbadhar Nirman, Yangbarak-04 Tharpu,Pachthar (Consttruction if Interlock Block,PCC Works) | 75 | 1099799.57 | 28000 | 1000.00 |
| 15. | SEALEDQUOTATION/ 081-082/TDP/41 | Aaledada Manghim Nirman Sampanna Garna, Falelung-1(Construction of Masonary Wall, Steps etc.) | 75 | 1099172.41 | 28000 | 1000.00 |
| 16. | NCB/081-082/TDP/05 | Jaya Maa Durga Kali Awam Hanuman Mandir Nirman, Jhapa-5 (Construction of Durga Kali & Hanuman Temple etc.) | 120 | 2499893.32 | 65000 | 3000.00 |
| 17. | NCB/081-082/TDP/06 | Aadibasi Janjati smriti park Nirman, kamal-5(Construction of Birck wall,Interlock Block,plaster,panting etc.) | 120 | 2497332.49 | 65000 | 3000.00 |
| 18. | NCB/081-082/TDP/07 | Chatradham Kumbhasthalma Adhuro Prabachan Sthal Nirman ,Chatrta Sunsari (Constructtion of Truss Hall and Toilate Room ) | 120 | 9999919.91 | 250000 | 3000.00 |
| 19. | NCB/081-082/TDP/08 | Barahxetra Mandir Prayatan Purwadhar Nirman (Construction of Rcc Road,Interlocking Block, Plum Wall Works) | 120 | 19998510.07 | 500000 | 3000.00 |
| 20. | SEALEDQUOTATION/ 081-082/TDP/42 | Chauki Biran Simsar Bahudharmik Paryatan Purbadhar Nirman, Haldibari-3,4 Jhapa (Construction of Plum Concrete Wall Soiling, Pcc etc.) | 75 | 1499895.19 | 38000 | 1000.00 |
| 21. | SEALEDQUOTATION/ 081-082/TDP/43 | Pratap Marga Ma Raheko Ganesh Mandir Adhuro Purwadhar Nirman, Biratnagar-3 (Construction of Temple, truss work,tile work, false ceiling work,irongate work,cgi sheet work,etc. ) | 75 | 1499904.64 | 38000 | 1000.00 |

| Submission of Bid For NCB | | Opening of Bid For NCB | | |
|---|---|---|---|---|
| Date | Time | Date | Time | A complete set of Bidding Document may be purchased from the PPMO Website **bolpatra.gov.np/egp** by eligible Bidders |
| 2081-09-22 | 12.00PM | 2081-09-22 | 2.00PM | |
| **Submission of Bid for Sealed Quotation** | | **Opening of Bid for Sealed Quotation** | | |
| Date | Time | Date | Time | |
| 2081-09-05 | 12.00PM | 2081-09-05 | 2.00PM | |

**2. Revenue Details:**

| Account Holder's Name | Bank Name | Bank Address | Account Number | Heading No. |
|---|---|---|---|---|
| Tourism Development Project, Biratnagar | RastriyaBanijaya Bank Limited | Biratnagar | 1000100201010001 (Revenue A/C) | 14229 (Revenue Code) |
| Province Treasury Comptroller Office, Biratnagar, Morang | RastriyaBanijaya Bank Limited | Biratnagar | 2120100202030000 (KHA-2-3 DHARAUTI A/C) | 3290413011 (office code) |

**Project Chief**
**TDP, Biratnagar, Morang**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### रास्वपामा हारको समीक्षा कहिले ?

पुराना दललाई धारे हात लगाउँदै नेपाली राजनीतिमा उदाएको दल हो – राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)। पुराना दलको मनपरीतन्त्र, नेताहरू विभिन्न काण्डमा मुछिन थालेपछि जनता रुष्ट छन्। बेरोजगारी समस्याको समाधान भाषणमा बाहेक कतै छैन।

स्वदेशमा होस् या विदेशमा पुगेका युवाहरू आजित बनेपछि उदाएको दल हो रास्वपा। तर पहिलोपटक स्थानीय निर्वाचनमा उत्रेको यो दलको अवस्था निकै कमजोर देखिएको छ। यो उपनिर्वाचनमा रास्वपाले २६ ठाउँमा उम्मेदवारी दिएको थियो। त्यसमध्ये २५ ठाउँमा जमानत जफत भयो। जमानत त्यस्तो बेला जफत हुन्छ, जतिबेला उम्मेदवारले १० प्रतिशत मत पनि प्राप्त गर्दैनन्। रास्वपाले काठमाडौं १६ मा भने चुनाव नै जित्यो, जुन स्थानीय तहमा रास्वपाको पहिलो जित हो।

रास्वपाका सभापति रवि लामिछाने अहिले हिरासतमा छन्। सहकारीको रकम अपचलनको अभियोग उनलाई लागेको छ। यतिमात्र हैन यसअघि पनि रास्वपामा समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठ विवादमा आएका थिए। बेथितिको विरुद्धमा आवाज उठाएर गत आम निर्वाचनमा एकैचोटि चौथो दल बनेको रास्वपा किन यसरी कमजोर देखियो स्थानीय तहको निर्वाचनमा ?

यसका विविध जवाफ हुन सक्ला। तर रास्वपाले ४४ स्थानमा भएको निर्वाचनमा १८ ठाउँमा त उम्मेदवार नै पाएन। काठमाडौंको कीर्तिपुरमा मेयरमा उम्मेदवारी दिने आँटसमेत रास्वपाले गरेन। यस्तो अवस्थामा मिसन ८४ मा लागेको यो दललाई जनताले कतिको साथ देलान् ? हुन त नयाँ दल बन्दै उदाएको सीके राउतको दल जनमतलाई पनि स्थानीय निर्वाचनमा जनताले पत्याएन।

यसअघि युवा नेताहरू रञ्जु दर्शनासहित संगठित बनेको विवेकशील साझा अहिले विलिन बनेको छ। यस पार्टीका एकजना नेता रवीन्द्र मिश्र राष्ट्रिय प्रजातन्त्र पार्टीमा पुगेका छन्। 'भ्रष्टाचारीलाई कीरा परोस्' भन्दै विवेक सिर्जनशीलबाट राजनीति थालेका मिश्र राप्रपामा लागेसँगै यो पार्टी विलिन भएको बताइन्छ। स्थानीय तहको निर्वाचनअघि ठुला दलका नेताहरूले रास्वपा पनि चाँडै विवेक सिर्जनशील बन्ने दाबी गरेका थिए।

रास्वपा सभापति लामिछानेको मुद्दासँग रास्वपाको भविष्य पनि जोडिएको छ। लामिछाने हिरासतमा रहेकै कारण यसपटक यो दल स्थानीय निर्वाचनमा कमजोर बनेको देखिन्छ। यस्तो अवस्थामा ठुला दलले हतोत्साही बनाउने प्रयास गर्छ नै। तर १८ ठाउँमा उम्मेदवार नै नपाउनु र २५ उम्मेदवारको जमानत नै जफत हुनु भनेको सामान्य होइन, यसबारे रास्वपाले गम्भीर समीक्षा गर्नैपर्छ।

## मननयोग्य

### चाणक्य नीति

'धर्मको गति बुझिनसक्नु छ' 'र्मका तात्विक विषयहरू यत्रतत्र पाइँदैनन् ती सबै कुरा गुफाभित्र लुकिछिपी रहेका छन् अर्थात् बुझ्नलाई निकै परिश्रम चाहिन्छ। धर्मबारे यस्तै तर्क-वितर्कहरू लोकमा अद्यापि प्रचलित छँदैछन्। कुन कुरा धर्म हो, कुन कुरा अधर्म हो यस विषयको निश्चय सामान्य बुद्धि भएका मानिसले गर्न सक्दैन। धर्म र अधर्मका तत्त्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र बुझ्नुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले बुझेका होलान्। भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ। धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था) बनेको छ। धर्ममा नै सबै कुरा आबद्ध छन्। यसैले धर्मलाई परम तत्त्व भनिएको छ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन्। धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ। दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ। यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन्। यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठातृ देवता हुन् भनी मानिँदै आएको छ। तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो। शास्त्र र यसको तत्त्वलाई भलिभाँती बुझेका ऋषि महर्षिहरूले सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन्। यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन्। यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ। कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ। यस्तो दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन्, जसलाई 'यमराज' पनि भनिन्छ। यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भनें यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं। क्रमशः

# प्राचीन सांस्कृतिक सम्पदाको धनी टोखा



■ श्याम मदन केसी

"टोखामा रहेका भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरू संकटापन्न स्थितिमा रहेका छन्। कतिपय सम्पदाहरू संरक्षणको अभावमा लोप हुने स्थितिमा पुगेका छन्। नयाँ पुस्ता आफ्नो भाषा तथा जातीय संस्कृतिबाट टाढिँदै गएको अवस्था छ। आज जीवित रूपमा सांस्कृतिक परम्पराहरू भविष्यमा हराएर जाने सम्भावना देखिन्छ। टोखा क्षेत्रमा रहेका परम्परागत शिल्पकलासम्बन्धी ज्ञानलाई एकपछि अर्को पुस्तासम्म हस्तान्तरण गर्दै जाने चलन हराउन थालेको छ। युवा पुस्तामा आफ्नो पुर्ख्यौली पेसालाई चटक्कै छोडेर पलायन हुने क्रम बढेको छ।

काठमाडौं उपत्यकाको प्राचीनकालीन इतिहासमा टोखा प्रख्यात सहरका रूपमा रहेको तथ्यलाई त्यहाँ प्राप्त भएको संवत् ५१९ शिवदेव-अंशुवर्माको अभिलेखबाट स्पष्ट हुन्छ। यस अभिलेखको अध्ययनले प्राचीनकालमा यो स्थान एक व्यवस्थित सहरका रूपमा विकसित भएको देखिन्छ। धनवज्र बज्राचार्यले उतार गरेको अभिलेखमा शिवदेव र अंशुवर्माले टोखामा राखेको अभिलेखमा काठमाडौं-उपत्यकाको उत्तरी भेगमा धर्मस्थलीको हाराहारी टोखा नामक प्रसिद्ध बस्ती रहेको विश्लेषण गरिएको पाइन्छ। यस सन्दर्भले लिच्छवीकालमा सहरलाई टोखा नामले पुकारिन्थ्यो भन्ने पुष्टि गर्छ। यस अभिलेखमा 'तिलमक' र 'गुल्म' जस्ता शब्द प्रयोग गरिएको छ। वज्राचार्यले तिलमक शब्दलाई किरातकालीन शब्द भएको उल्लेख गरेको छ। यसले त्यसताका टोखाले कृषि क्षेत्रमा निकै अन्न उत्पादन गर्ने गरेको देखिन्छ। त्यसैगरी अर्को शब्द गुल्मले त्यस समयमा टोखा एउटा किल्लाको रूपमा रहेको पाइन्छ।

त्यतिबेला उत्तरतिरबाट भइरहने आक्रमणबाट कान्तिपुरलाई सुरक्षित राख्नका लागि टोखालाई चारैतिरबाट पर्खालले घेरी बलियो किल्ला बनाएको देखिन्छ। प्रताप मल्लले भीम मल्ललाई टोखाको बाटो गरी तिब्बत क्षेत्रको राज्य विस्तार गर्न पठाएको चर्चा पाइन्छ। यसले आफ्नो पराक्रमले तिब्बतलाई कान्तिपुरी राज्यको अगाडि झुकाएर नेपालको हितमा महत्त्वपूर्ण सन्धि गरेका थिए। स्थानीयको भनाइअनुसार टोखाको बाटो हुँदै प्राचीनकालमा व्यापारीहरू टोखा, नुवाकोट, रसुवाहुँदै केरुङ जाने गरेको बताइन्छ।

टोखा प्राचीनकालमा चाकुका लागि निकै प्रसिद्ध रहेको थियो। नेपाल भाषामा 'तु' को अर्थ उखु, 'ख्य' को अर्थ फल्ने स्थानका रूपमा परिभाषित गरिएको छ। आजसम्म टोखाको चाकुलाई मौलिक र विशिष्ट चाकुका रूपमा लिने गरिएको देखिन्छ। यसअनुसार यो क्षेत्रको नामकरणको 'तुख्य' बाट अपभ्रंश हुँदै टोखा रहन गएको विश्वास अझै ताजा छ। लिच्छवीकालमा 'खा' प्रत्यय लागेका स्थाननाम शब्दहरू पाइन्छन् ती 'खा' संस्कृत भाषा नभएर तिब्बती वर्मन हुन्। यस्ता प्रत्यय नेवारी भाषामा अहिले पनि प्रयोग हुने गर्दछ।

उपत्यकामा अरू पनि 'खा' प्रत्यय लागेका स्थाननाम शब्दहरू छन्। यट्खा, प्यूखा आदि अझै पनि प्रचलित स्थानका रूपमा रहेका छन्। कतिपय संस्कृतिविद्ले यस स्थानमा प्राचीनकालमा अत्यधिकरूपमा उखु पाइने हुनाले त्यसको नाम 'तुखा'रहेको र नेवारहरूले आफ्नो बोलीचालीको उच्चारणमा 'त' लाई 'ट' भन्ने गरेको हुँदा उच्चारण गर्न सजिलोका लागि तोखाबाट पछि अपभ्रंश भएर टोखा हुन गएको भन्ने चर्चा पनि पाइन्छ। यहाँ उखु उत्पादन हुने भएकाले नेवारी भाषामा यसको नाम 'तुखा' बाट पछि गएर 'टोखा' रहन गएको भन्ने भनाइ छ।

एक अर्को किम्वदन्तीअनुसार प्राचीनकालमा यो गाउँ एक सहरका रूपमा रहेको हुँदा त्यस समयमा 'टो' नाम गरेको एउटा 'ख्याक' (राक्षस) ले मानिसलाई दुःख दिई हैरान बनाएको थियो। एक तान्त्रिकको सहयोगमा त्यो दुष्ट ख्याकलाई मारिएको हुँदा त्यही 'टो' शब्द पछि गएर टोखा हुन गएको भन्ने जनश्रुति छ। त्यसैगरी, मध्यकालमै टोखालाई लक्ष्मीपुर पनि भनिएको पाइन्छ। मध्यकालमा टोखा एउटा सामरिक स्थलका रूपमा पनि प्रसिद्धि पाएको देखिन्छ। यसको उल्लेख सर्वप्रथम नेपाल संवत् ३७५ मा गरिएको छ।

त्यहाँ जयदेवले किल्लामा रहेको सुन लुटेको हुँदा टोखा र नेपी किल्लाहरूले विद्रोह गरेकोसमेत उल्लेख गरिएको पाइन्छ। यसबाट मध्यकालको पूर्वार्द्धमा टोखा एउटा बलियो किल्लाका रूपमा प्रतिस्थापित भएको देखिन्छ। उपत्यकाका चारैतिर होचा पहाडमा किल्लाका अवशेष भएको र ती किल्लाका चारैतिर खाई र ढिस्का देखेको कुराको वर्णन गरिएको छ। उपत्यकाका चाँगुनारायण, स्वयम्भू, बज्रयोगिनी, पशुपतिनाथ आदि देवस्थलहरू वनगढका रूपमा प्राचीनकालदेखि नै रहेका छन्। यी तथ्यहरूबाट टोखाको बस्ती मध्यकालको पूर्वार्द्धभन्दा अगाडि नै बसेको कुरालाई पुष्टि गर्दछ। गोपाल वंशावलीमा नेपाल संवत् ३७४ आश्विनमा जयदेवले टोखाको किल्लाको सुन लुट्न आउँदा नेपी क्वाठ र टोखा क्वाठ किल्लाहरूले विद्रोह गरी धपाएको उल्लेख छ। त्यसैगरी, नेपाल संवत् ४४६ मा पशुपति मल्ल टोखामा गएर बसेका थिए भनिन्छ। त्यसैगरी, नेपाल संवत् ४६० पुसमा भएको विद्रोहमा गोपालदेवको हत्या गरिएको थियो। नेपाल संवत् ४७८ मंसिरमा नुवाकोटका एक प्रसिद्ध भारदार जुतपाल त्यहाँबाट निष्कासित हुँदा टोखामै शरण पर्न आएको देखिन्छ।

टोखाले वि.सं. १८२२ जेठमा कुनै प्रतिकार नगरी पृथ्वीनारायण शाहसँग मिल्न गएकाले कान्तिपुर राज्यअन्तर्गतको टोखा प्रदेश गोरखा अधिराज्यमा विलीन भएको ऐतिहासिक तथ्य पाइन्छ। मध्यकालको पूर्वार्द्धका समयमा घटेका विभिन्न घटनाले टोखा विद्रोहीहरूको शरणस्थलका रूपमा चर्चित मानिन्थ्यो। लिच्छवीकालमा नै टोखाका रूपमा प्रसिद्ध कमाएको टोखालाई मध्यकालको उत्तरार्द्धका प्राप्त भएका दुई दर्जनभन्दा बढी अभिलेखमा 'तोखा देश', 'टोखा ग्राम', 'जयपुरी देश', 'जयपुरी नगर' र 'लक्ष्मीपुर' भनेर उल्लेख गरिएको देखिन्छ।

मध्यकालमा कुनै एउटा प्रदेशको नाम जनभाषा र संस्कृत भाषामा बेग्लाबेग्लै राखिने प्रचलन रहेको थियो। त्यसको आधारमा टोखाको नामकरण जनभाषामा टोखा र संस्कृतिमा जयपुर रहेको भनी ऐतिहासविद् टेकबहादुर श्रेष्ठले विश्लेषण गरेका छन्। प्रचलित किम्वदन्तीअनुसार एक दिन एक भिक्षु भिक्षा माग्दै हिँड्ने क्रममा उनले अपेक्षा गरेकोभन्दा अधिक अन्न यहाँका बासिन्दाले दान दिएछन्। यसबाट अत्यन्त खुसी भएका भिक्षुले यस गाउँका सम्पूर्ण मानिसको निवासमा लक्ष्मीले बास गरून् भनेर सदीक्षा व्यक्त गरेका हुनाले यसै समयदेखि यस गाउँलाई 'लक्ष्मीपुर' नाउँले चिन्न थालिएको हो भन्ने भनाइ पनि पाइन्छ। शाहकालमा आउँदासमेत टोखा महत्त्वपूर्ण स्थलका रूपमा रहेको देखिन्छ।

### टोखाका अमूल्य सम्पदाहरू

टोखा सरस्वती र टोखा चण्डेश्वरीमा लिच्छवीकालीन, मध्यकालीन र शाहकालीन समयमासमेत महत्त्वपूर्ण राजनीतिक भूमिका निर्वाह गरेको देखिन्छ। यसरी नै विभिन्न समयमा मानव निर्मित सांस्कृतिक सम्पदाहरूको निर्माण यहाँ भएको पाइन्छ। यहाँ विशेषगरी शैव, शाक्त, वैष्णव र बौद्धलगायतका विभिन्न धार्मिक सम्प्रदाय अन्तर्गतका मठमन्दिर, ढुंगेधारा, पाटीपौवा, डबली, विभिन्न अभिलेखलगायत भौतिक सांस्कृतिक सम्पदाहरू रहेका छन्। यहाँ नेपालको सनातन धार्मिक एवं बौद्ध परम्परामा स्थान, सम्मान र महत्त्व पाएका ३३ कोटी देवीदेवतासँग गाँसिएका धार्मिकस्थलहरू रहेका छन्। त्यसरी नै नेपालमा मण्डलका ६४ शिवलिंगमध्ये चण्डिकेश्वर, धर्मेश्वर र गोकर्णेश्वर यसै क्षेत्रमा पर्ने धार्मिक ग्रन्थहरूमा उल्लेख गरिएको छ। वर्तमान अवस्थामा धर्मेश्वर बूढानीलकण्ठ नगरपालिका र गोकर्णेश्वर गोकर्णमा क्षेत्रमा रहेको छ। यी दुवै शिवलिंगलाई टोखाको सुप्रसिद्ध तीर्थका रूपमा नेपाल महात्म्यले चिनाएको देखिन्छ। हिमालयकी पुत्री पार्वतीले महादेवलाई पतिका रूपमा प्राप्त गर्न टोखाको पिण्डारक तीर्थमा नुहाई चण्डिकेश्वर महादेवको पूजा तथा आराधना गरेको स्वस्थानी व्रतकथामा चर्चा गरिएको छ।

टोखा प्रशासनिक एकाइका रूपमा रहेकाले जीवित गणेश-कुमारी, तलेजु भवानी, चण्डेश्वरी भगवती, सपनतीर्थ, संकटामाई (मसानकाली), माथिल्लो सिद्धिगणेश, तल्लो क्वोथु गणेश रहेका छन्। त्यसैगरी, नारायणको मन्दिर, सरस्वती मन्दिर, रुद्रेश्वर महादेव, नाटेश्वरी, तलेजु भवानीको मन्दिर, भीमसेनको मूर्ति, बज्रयोगीनी देवी, लल बुद्धको मूर्ति र पच्चबुद्धको मूर्तिहरू रहेका छन्। यसरी नै थनेलाछीको डबली, कोनेलाछीको डबली, ढुंगेधाराहरू, जलद्रोणी, गणेशपोखरी, नारायणपोखरी, इनार, कुवा, पाटी, पौवाहरू अझै अस्तित्वमा छन्। यहाँ प्राचीनकालीन प्रवेशद्वारलगायत टोखाको चारैतर्फ अन्य पाँचवटा प्रवेशद्वार रहेका छन्। यहाँ किराती राजा यलम्बरको पूजा गर्ने परम्परा अझै कायम रहेको पाइन्छ। यहाँको मौलिक सांस्कृतिक सम्पदाका रूपमा चाकु उत्पादन अझै प्रसिद्ध रहेको छ।

यहाँ रहेका अभौतिक सम्पदाहरूमा घण्टाकर्ण जात्रा, चाकु निर्माण प्रविधि, गाईजात्रा, नागपञ्चमी, कृष्णाष्टमी, इन्द्रजात्रा, दसैं, तिहार, तलेजुको पूजा, बालाचतुर्दशी, योःमरी पुन्ही, माघे संक्रान्ति, स्वस्थानी व्रत, शिवरात्रि, फागु पूर्णिमा, लिंगो गाड्ने, बिस्केट जात्रा, लाखेनाच, बाँदरनाच, मयुरनाच, नाग-नागिनीनाच, कुमारी जात्रा तथा नेपाल सम्वत् उत्सवका रूपमा मनाउने गरिएको छ। यहाँको प्रसिद्ध जात्राका रूपमा बिस्केट जात्रालाई लिइने गरिएको देखिन्छ। वैशाख १ देखि ५ गतेसम्म सातवटा देवीदेवतालाई खटमा राखी टोखा नगर परिक्रमा गराउने परम्परा अहिले पनि छ।

त्यसैगरी, सपननीर्थ स्नान अर्को महत्त्वपूर्ण तीर्थस्थलका रूपमा प्रसिद्धि कमाएको छ। यहाँ स्नान गर्नाले मानिसको शरीरमा आएका घाउ, खटिराहरू निको हुने जनविश्वास रहेको छ। टोखाका नेवार समुदायका बासिन्दाले सगुन दिने, भोज र समय्बजीलाई महत्त्वपूर्ण रूपमा लिने गर्दछन्। यिनीहरूले सगुन दिँदा उसिनेर तेलमा तारेको अण्डा, सुकेको घुम्रिएको माछा तेलमा तारेको, मास भिजाएर राम्ररी धोएपछि पिँधेर चाक्लो गरी तावामा तेल हालेर बनाएको बारा, मासुका दुई टुक्रा र रक्सी वा दहीको प्रयोग गर्दछन्। यिनीहरूले जुनसुकै जात्रा, पर्व, उत्सवमा भोज खाने गर्दछन्। यस्ता भोज खाँदा चिउरा, अचार, गेडागुडी, राँगाको मासु, तरकारी, छ्यला, कवाफ, गोलभैँडाको अचार, फर्सी, भुटन, साग, लब्सीको अमिलो झोल, रक्सी र जाँड, रोटी र दही, फलफूल, ताखामही दिने गरिन्छ।

चाडपर्वमा धेरैजसो समयबजीको प्रयोग गर्दछन्। यसमा चिउरा, स्याःबजि, कालो भट्मास भुटी साँधेको, लसुन अदुवा साँधेको, छ्वय्ला, सुकेको माछा, रक्सी वा जाँड, बोडी उसिनेर साँधेको, आलु उसिनेर साँधेको, बारा, अण्डा आदि दिने चलन छ। यहाँ शास्त्रीय परम्परामा आधारित यहाँका संगीत धुनहरूले टोखालाई मनोरञ्जन दिने गर्दछ। विशेषगरी व्याँचुली धुनले मिर्मिरे बिहानीपखाको आभास दिन्छ भने मालश्री धुनले दसैं, तिहार र धातुको धुनले बिस्केट जात्राको आभास दिलाउँछ। यहाँ बजाउने बाजाहरूमा धिमेबाजा प्रसिद्ध रहेको छ। यसको तालमा बच्चा, बूढाबूढी, तन्नेरीहरू खुसीले नाच्ने गर्दछन्।

### संकटापन्न सांस्कृतिक सम्पदाहरूको संरक्षण

टोखामा रहेका भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरू संकटापन्न स्थितिमा रहेका छन्। कतिपय सम्पदाहरू संरक्षणको अभावमा लोप हुने स्थितिमा पुगेका छन्। नयाँ पुस्ता आफ्नो भाषा तथा जातीय संस्कृतिबाट टाढिँदै गएको अवस्था छ। आज जीवित रूपमा सांस्कृतिक परम्पराहरू भविष्यमा हराएर जाने सम्भावना देखिन्छ। टोखा क्षेत्रमा रहेका परम्परागत शिल्पकलासम्बन्धी ज्ञानलाई एकपछि अर्को पुस्तासम्म हस्तान्तरण गर्दै जाने चलन हराउन थालेको छ। युवा पुस्तामा आफ्नो पुर्ख्यौली पेसालाई चटक्कै छोडेर पलायन हुने क्रम बढेको छ।

यस्ता सम्पदाहरूको संरक्षणका लागि नेपाल सरकारले संस्कृति नीति, २०६७ लागू गरी भौतिक तथा अभौतिक सम्पदाको परम्परागत भौतिक लोककला, शिल्पकला उत्पादन गर्ने, सीप संरक्षणका लागि देशभित्र रहेका सबै जाति र समुदायको संस्कृतिको सूचीकरण गर्नुपर्नेमा जोड दिएको देखिन्छ। नेपालको संविधानमा प्रत्येक व्यक्ति र समुदायलाई आफ्ना भाषा, लिपि, संस्कृति, सांस्कृतिक जीवनमा सहभागी हुन पाउने, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने मौलिक हकका रूपमा व्यवस्था गरिएको छ। अमूर्त सांस्कृतिक सम्पदा महासन्धि २००३ ले समेत सांस्कृतिक सम्पदाको संरक्षणका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ।

टोखा क्षेत्रमा रहेको मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि गुठीको अहम् भूमिका रहेको देखिन्छ। यिनीहरूले जात्रा पर्व सञ्चालन, मठमन्दिरको संरक्षण चाडपर्व रीतिरिवाज संस्कार, संस्कृति सञ्चालन गर्न विभिन्न गुठीहरू सक्रिय रहेका छन्। भौतिक सांस्कृतिक सम्पदाअन्तर्गत रहेका मठमन्दिर, इनार, पाटी-पौवाको पुनर्निर्माण, जीर्णोद्धार गर्दै आएका छन्। अभौतिक सांस्कृतिक सम्पदामा मानिसहरूको मुत्यु संस्कारसँग सम्बन्धित सना र सी गुठी, कुल देवताको पूजासँग देवाली गुठी, नाचगान नास द्यः गुठी, सरस्वतीको पूजाको सु गुठी र वर्षभरि नै सञ्चालन भइरहने जात्रा, चाडपर्व, देवी नाच, संगीत सञ्चालन गर्न, मठ मन्दिर विशार चैत्यको सम्वर्द्धन गर्न, दैनिक, वार्षिक तथा अर्धवार्षिकरूपमा पूजाआजा गर्न विभिन्न धार्मिक गुठीहरू बन्दोबस्त गरेको देखिन्छ। *रासस*

*(लेखक त्रिविको विद्यावारिधिका शोधार्थी हुन्)*





**माङसेबुङमा धार्मिक पर्यटक**
इलामको माङसेबुङ गाउँपालिका–५ मा किरात धर्मगुरु आत्मानन्द लिङ्देन 'सेइङ'को ७१औं जन्मोत्सव समारोहका अवसरमा आयोजित धार्मिक उत्सवमा मंगलबार राति उपस्थित पर्यटक । किरात धर्मावलम्बीहरूको आस्थाको रुपमा परिचित माङसेबुङमा यतिबेला धार्मिक पर्यटकको घुँइचो लागेको छ । *तस्बिरः रामकुमार लिम्बू/रासस*

# जनकपुरधाममा मासु, माछा र मदिरा बिक्रीवितरणमा रोक

**जनकपुरधाम (प्रस)–** सीताराम विवाहपञ्चमी महोत्सवका अवसरमा जनकपुरधाम नगरक्षेत्रमा बुधबारदेखि मासु, माछा तथा मदिरा बिक्री वितरणमा रोक लगाइएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले एक सूचना प्रकाशित गर्दै बुधबारदेखि तीन दिनसम्म माछा, मासु तथा मदिरा बिक्री वितरणमा रोक लगाइएको हो ।

कार्यालयद्वारा जारी सूचनामा बुधबारराति १२ बजेदेखि मंसिर २२ गते राति १२ बजेसम्म जनकपुर नगरक्षेत्रमा मासु, माछा तथा मदिरा बिक्री वितरण नगर्न/नगराउन आदेश जारी गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाको परिक्रमा क्षेत्रभित्र तथा परिक्रमा सडकको दायाँबायाँ मदिरा बिक्री वितरण, पशुपक्षी काटमार, माछा बिक्रीवितरण तथा उत्पादनलगायत अन्य नशालु पदार्थको सेवन नगर्न/नगराउन अनुरोध गर्दै ती वस्तु पूर्णरूपमा निषेध गरिएको सूचनामार्फत जनाइएको छ ।

# विशेषज्ञ अभावमा मुटुपरीक्षण उपकरण उपयोगविहीन

**बागमती–** हेटौंडा अस्पतालमा मुटुरोग विशेषज्ञ नहुँदा मुटुरोगीको जाँचका लागि ल्याइएको उपकरण विगत डेढ वर्षदेखि थन्किएको छ । उपकरण प्रयोगविहीन हुँदा बिरामी अन्यत्र जानुपर्ने बाध्यता छ ।

बिरामीको चापलाई दृष्टिगत गरी मकवानपुर रोटरी क्लबले हेटौंडा उपमहानगरपालिकासँगको साझेदारीमा एक करोड रूपैयाँ मूल्यबराबरको मुटुपरीक्षण उपकरण अस्पताललाई उपलब्ध गराएको थियो ।

अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. रामचन्द्र सापकोटाका अनुसार उपकरण अस्पताललाई हस्तान्तरण भए पनि विशेषज्ञ नहुँदा उपकरण थन्किएका छन् । सुपरिटेन्डेन्ट डा. सापकोटाले भने, 'हामीले मुटुरोग विशेषज्ञका लागि विज्ञापन खुलायौं, त्यसमा एक जनाले मात्र आवेदन भर्नुभयो । तर, उनलाई प्रदेश कार्यविधिले नियुक्त दिन मिलेन ।'

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालबीच केही दिनअघि जनशक्ति व्यवस्थापनसम्बन्धी सम्झौता भएकाले शीघ्र समस्या समाधान हुने उनको विश्वास छ । *रासस*

# लुम्बिनी प्रदेशमा विषादीबारे सचेतना अभियान सुरू

**बाँके (प्रस)–** लुम्बिनी प्रदेशको कृषि विकास निर्देशानालयले १२ वटै जिल्लामा 'विषादी सचेतना अभियान-२०८१' सुरु गरेको छ ।

'सबैको चाहना, विषादीमुक्त खाना' भन्ने मूल नाराका साथ मंगलबार बाँकेको खजुरामा औपचारिक कार्यक्रम आयोजना गरी लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा विषादी सचेतना अभियान सञ्चालन गरेको कृषि विकास निर्देशनालय लुम्बिनीका महानिर्देशक यमनारायण देवकोटाले जानकारी दिए ।

'बढ्दो रासायनिक विषादीको प्रयोग, यसबाट मानव स्वास्थ्यमा हुने गम्भीर जोखिमलाई न्यूनीकरण गर्दै रासायनिक विषादीको विकल्पसहितको सचेतना कार्यक्रम सुरु गरेका छौं,' देवकोटाले भने, 'कसैले जानेर त कसैले अन्जानमा विषादीको प्रयोग गरिरहेका छन्, सुरक्षित विषादीको प्रयोग कसरी गर्ने र यसको जोखिमबाट कसरी बच्ने भन्ने विषयमा यो कार्यक्रम महत्त्वपूर्ण हुने अपेक्षा गरिएको छ ।'

बाँकेबाट यो कार्यक्रमको औपचारिकरूपमा सुरुआत गरिएको र हरेक जिल्लामा सम्बन्धित सरोकारवाला कार्यालयबाट वर्षैभर यो कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ । अभियानअन्तर्गत हरेक सरोकारवालासँग भेटघाट, छलफल, विद्यालयका विद्यार्थीमार्फत सचेतना कार्यक्रमलगायत गतिविधि गरेर व्यापक जनचेतना फैलाइने जनाइएको छ ।

विषादीको बढ्दो अनुचित प्रयोग कम गराउने, कृषि उपज उत्पादकलाई विषादीको नकारात्मक असरबारे जानकारी गराउने र सुरक्षित राख्ने, तरकारी तथा फलफूल उपभोक्ताको सुरक्षा गर्ने, किसानको अनावश्यक आर्थिक नोक्सानी हुन नदिने, विषादी प्रयोगकर्तालाई सबैको स्वास्थ्यप्रति संवेदनशील हुन सचेत गराउने, सुरक्षित विषादीको प्रयोगसम्बन्धी जनचेतना फैलाइ स्वस्थ बाली उत्पादनको सन्देश प्रवाह गर्नेलगायत कार्यक्रमको उद्देश्य रहेको महानिर्देशक देवकोटाले बताए ।

कृषि विकास निर्देशनालय लुम्बिनीका वरिष्ठ बाली संरक्षण अधिकृत मिलन गैरेले लुम्बिनी प्रदेशमा हरेक वर्ष विषादीको आयात बढेको र अत्यधिक प्रयोग हुने गरेको बताए । विषादीको सुरक्षित प्रयोगसम्बन्धी ज्ञान नहुनु, जानकार किसान लापरवाही हुनु, वैकल्पिक विधिका बारेमा ज्ञान नहुनु, भारतीय विषादी र बीउविजनको बढी विश्वास गर्नु, सबै विषादीलाई मिसाएर प्रयोग गर्नु, पर्खनुपर्ने अवधिबारे प्रायः किसानलाई जानकारी नहुनु, रासायनिक विषादीको विकल्प सहजरूपमा उपलब्ध नहुनुलगायत कारणबाट प्रयोगकर्ता विषाक्त हुँदै गएको उनको भनाइ छ ।

कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र खजुराका निमित्त प्रमुख श्रीधर ज्ञवालीले रासायनिक विषादीलाई नियन्त्रण गर्न किसानलाई तालिम दिँदा रासायनिक विषादीको कम प्रयोग र मानव शरीरलाई असर नपुग्ने गरी चेतना जगाउने किसिमको तालिम सञ्चालन गरिरहेको जानकारी दिए । हरेक किसान र उपभोक्ताको पहुँचमा पुगेर यससम्बन्धी जनचेतना प्रदान गरी उनीहरूलाई सचेत बनाउनुपर्ने उनले बताए ।

बाली संरक्षण प्रयोगशाला, कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, बिउविजन प्रयोगशाला, मल तथा माटो परीक्षण प्रयोगशाला र कृषि ज्ञान केन्द्र बाँकेको संयुक्त आयोजनामा विषादी सचेतना अभियानको शुभारम्भ गरिएको थियो ।


## कुवेतमा रोजगार

कम्पनी : GRAND HOTEL KUWAIT

पूर्व स्वीकृति मिति : २०८०/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 293930 | चलानी नं. ६०२०९०६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 1 | 1 | 180 | ७९,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commi Chef | 1 | 1 | 140 | ६१,७४० | | | | | | | |
| 3 | Hk Attendant / Cleaner | 4 | 2 | 100 | ४४,१०० | | | | | | | |
| 4 | Receptionist / Clerk | 1 | 1 | 150 | ६६,१५० | | | | | | | |
| 5 | Reservation Supervisor | 2 | 0 | 150 | ६६,१५० | | | | | | | |
| 6 | Steward / Kitchen Tool Cleaner | 6 | 0 | 100 | ४४,१०० | | | | | | | |
| 7 | Waiter/waitress | 4 | 2 | 120 | ५२,९२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



## साउदीमा रोजगार

कम्पनी : LATHES SAADI SAAD HARBI METAL FORMING

पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 314785 | चलानी नं.६०२२९२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP LABOR | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : ALI AL-QARNI AL-RIZQI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 308165 | चलानी नं.६०२२२८३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७


**सूचना**
**मंगल कलश इन्भेष्टमेन्ट प्रा. लि.**
**(लिक्विडेशन)**
**लिक्विडेटरको कार्यालय, काठमाडौं**

**कम्पनी खारेजीमा गएको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०५१/०६/०५ दर्ता भएको प्रा.लि. नं. १००४१९/०५१/०५२ को मंगल कलश इन्भेष्टमेन्ट प्रा. लि. को मिति २०८१/०५/१५ मा विशेष बैठकले विशेष प्रस्ताव पारित गरि निर्णय भए अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी (लिक्विडेशन) मा लैजाने निर्णय अनुसार यस कम्पनीमा कोही कसैको केही बाँकी बक्यौता भएमा वा लेनदेन आदि बाँकी भएमा वा खारेज गर्नुनपर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैत्तिस) दिन भित्र हकदावि गर्न निम्न लिखित लिक्विडेटरको कार्यालयमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ ।

**श्री श्रवण कुमार श्रेष्ठ** (प्र.प.नं. ४०४)
**दामासाही व्यावसायी, काठमाडौं/फोन नं./इमेल**

**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८१/०८/२०**

यस बैंकका निक्षेपकर्ता श्री बासुदेब शर्माको नाति श्री मोहनीलाल शर्माको छोरा कपिलबस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं. ३ घर भई हाल कपिलबस्तु जिल्ला, शिवराज नगरपालिका वडा नं. ३ बस्ने वर्ष ८२ को श्री फुल प्रसाद शर्मा (ना.प्र.नं. २८९, जारी मिति २०३४/१०/२५, जारी जिल्ला पर्वत) को मिति २०८१/०७/२३ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको श्रीमती धर्मी बसेलले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका श्रीमती श्री धर्मी बसेलको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**टिम भेञ्चर्स लिमिटेडको प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना**

***दोस्रो पटक प्रकाशित मिति : २०८१/०८/२० गते ।***

यस टिम भेञ्चर्स लिमिटेडको मिति २०८१ मंसिर १६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **प्रथम वार्षिक साधारण सभा** देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय तथा स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
मिति : २०८१/०९/११ (तदनुसार २६ डिसेम्बर, २०२४), बिहीबार ।
समय : अपरान्ह ३:०० बजे
स्थान : दूसित प्रिन्सेस, लाजिम्पाट, काठमाडौं ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**
१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावः**
१. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, ओटिसी बजार आदि)ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
३. परियोजनाहरूमा खोज, अनुसन्धान एवं लगानी गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

**नोट :** *साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयर दाखिल खारेज मिति २०८१।०८।२७ का दिन बन्द रहने छ । शेयर दाखिल खारेज बन्द हुने अघिल्लो दिनको अभिलेखमा कम्पनीको शेयरधनीको रूपमा रहनु भएका शेयरधनीले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।*

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**कालिका नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रेडक्रसग्राम, चितवन**
**बागमती प्रदेश, नेपाल**

## प्राविधिक प्रस्ताव स्वीकृति/आर्थिक प्रस्ताव खोल्ने वारे सूचना

**(सूचना प्रकाशन मितिः २०८१–०८–२०)**

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित वोलपत्र आव्हानको सूचनाको म्याद भित्र पर्न आएका वोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मूल्यांकन हुँदा सारभूत रुपमा प्रभावग्राही निम्नानुसारको वोलपत्रहरु प्राविधिक प्रस्ताव स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ज.(४) र (५) प्रयोजनका लागि सारभूत रुपमा प्रभावग्राही वोलपत्रहरुको तपसिलमा उल्लेखित स्थान, मिति र समयमा आर्थिक प्रस्ताव खोलिने हुँदा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि न | ठेक्का नं | कार्याक्रमको नाम | सूचना प्रकाशित मिति | सारभूत रुपमा प्रभावग्राही वोलपत्रहरु | आर्थिक प्रस्ताव खोलिने विवरण: ठाउँ | आर्थिक प्रस्ताव खोलिने विवरण: मिति र समय |
|---|---|---|---|---|---|---|
| 1. | 07/Works/NCB/KM/081/082 | Siddhi Tin Dhovan Dekhi Ward No 11 Ko Karyalaya Pahunch Sadak Nirman | 2081-06-04 (20th September, 2024) | १. Shakti Shiva - GRM JV, Chitwan, Nepal<br>२. Biraj and Brothers Construction Pvt. Ltd. Khaiharani-6, Chitwan, Nepal<br>३. Kishan and Dristi Builders (P). Ltd. Kathmandu, Nepal<br>४. Batu Safal /Gaureshwor J /V, Wotu Tole, KMC-24 Kathmandu Nepal<br>५. Sabik Sapal J.V., Chitwan, Nepal<br>६. Friendship Construction ,Piple-3, Chitwan, Nepal<br>७. ETHICAL-SUNSINE Joint Venture, Pepsicola, Kathmandu, Nepal<br>८. Prajil Construction Pvt.Ltd., Manbhawan-5 ,Lalitpur, Nepal | Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan | 2081-08-27 (BS)/ 12th December, 2024 (AD) At 13:00 HRS. (Noon) |

**प्रमुख प्रशासकीय अधिकृत**

प्रभाव दैनिक

रूपशाला

## फिल्म 'अञ्जिला'ले गर्‍यो एञ्जिलालाई बिदाई

नेपाली चलचित्र 'अञ्जिला'की अभिनेत्री तथा नेपाली राष्ट्रिय महिला फुटबल टिमकी कप्तान र नम्बर एक गोलरक्षक एञ्जिला तुम्बापो सुब्बा ग्रिसको ए डिभिजन क्लब नीस एट्रोमिटोउमा खेल्न छनोट भएकी छन् । चलचित्र निर्माण टिमले बुधबार काठमाडौँमा एक कार्यक्रम गर्दै उक्त क्लबको २०२४–२५ सिजनका लागि अनुबन्धित भएकी उनलाई सम्मानसहित बिदाइ गरेको छ । कार्यक्रममा प्रतिनिधि सभा सदस्य सुहाङ नेम्वाङ, पहिलो महिला फुटबल कप्तान रमा सिंह, पुरूष फुटबल कप्तान किरण चेम्जोङ र फिल्म 'अञ्जली' युनिटको सहभागिता थियो ।




बिहीबार, २० मंसिर २०८१ (Thursday, December 05, 2024)

# टिजरमा यस्तो देखियो दयाहाङ र जितुको 'कार्साङ'



■ प्रभाव संवाददाता

**काठमाडौं –** आगामी पुस २६ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'कार्साङ' । फिल्मको प्रदर्शन मिति नजिकिँदै गर्दा निर्माण युनिटले फिल्मको टिजर सार्वजनिक गरेको छ ।

गाउँमा धामी बसेको सेटअपबाट सुरु हुने टिजरमा गरिबी, अभाव, निसन्तानपनले दिएको शास्ती र त्यसले दाम्पत्य जीवनमा सृजना गर्ने श्रीमान् श्रीमतीबिचको ठाकठुक छ । ऋण, सरसापटले काम चलाउने ग्रामीण परिपाटी, एकजोर नयाँ लुगाका लागि सन्तानले गरेको अपेक्षा पूरा गर्न नसक्ने अभिभावकको चरम गरिबी टिजरमा देखाउन खोजिएको छ । सन्तान नजन्मिएपछि श्रीमान-श्रीमतीले एकअर्कालाई गर्ने दोषारोपण फिल्मको कथा रहेको । टिजरबाट अनुमान गर्न सकिन्छ ।

यम शेर्पाको निर्देशनमा डेब्यु फिल्म 'कार्साङ' शेर्पा समुदायको संस्कृतिमा आधारित छ । दयाहाङ राई, सिर्जना निङलेखु, जितु नेपाल, दीया मास्के, बुद्धि तामाङको मुख्य भूमिका रहेको फिल्ममा सृष्टि गौतम, डोमा ह्योल्मो, प्रेम लोप्चन, सुरवीर पण्डित, कविता आले, कर्मा शेर्पा, छोकी शेर्पा, सभ्य दीप गौतम, बिमल पुरी, दिलीप पन्त, छिरिङ शेर्पा, पवन कुमार गोले, अमृत शेर्पालगायत कलाकारको अभिनय छ । फिल्ममा बालकलाकारमा राशी लिम्बु, सोहन थापाको समेत अभिनय छ ।

मनोज थापा मगर, एसडी योगी र बिशो डोङको संगीत रहेको फिल्म यार्सा फिल्म्स र पुरुषोत्तम प्रधान फिल्मसको प्रस्तुतिमा निर्माण भएको हो । फिल्मको पुरुषोत्तम प्रधान छायांकार र निर्माता हुन् । फिल्मको सह-निर्माता गोविन्द बोहरा, कार्यकारी निर्माता आङछिरिङ शेर्पा हुन् । लाइन प्रोड्युसरमा वीरेन्द्र शाही रहेका छन् ।

भूपेन्द्र अधिकारीको सम्पादन, अभि लामाको कोरियोग्राफी रहेको फिल्मको अन्तर्राष्ट्रिय वितरक अधिकार हुल्या इभेन्टस सुमन पराजुली र सोमलाल थोकर लिएको छन् । नेपालमा आरआर फिल्मसले वितरण गर्दैछ ।

# 'दुई नम्बर जिल्ला'को गीत 'पश्चिम जुट्दैछ पूर्व उठ्दैछ' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चलचित्र 'दुई नम्बर जिल्ला'को गीत 'पश्चिम जुट्दैछ पूर्व उठ्दैछ' सार्वजनिक गरिएको छ ।

जागरण भावको गीतमा चलचित्रका मुख्य कलाकारहरू रोजन रखाल र लक्ष्मी पाण्डेको नृत्य देख्न सकिन्छ । महेश नेपाली, देवी वस्नेत, विमला विश्वकर्मा र लक्ष्मण पाखिनको स्वर रहेको गीतमा दर्शन नेपालीको शब्द र दर्शन नेपाली र महेश नेपालीको संयुक्त संगीत रहेको छ । गीतमा प्रस्तुती शाहीको कोरियोग्राफी रहेको छ ।



रोजन रखालकै लेखन तथा निर्देशन रहेको चलचित्रले समाजमा व्याप्त बिसंगति, कुरीति र वर्गिय असमानता विरुद्ध सचेतनाको कथा भनेको छ । रखाल र पाण्डेका साथै चलचित्रमा कुमार राई, सुनिल राना मगर, समिर विश्वकर्मा, कविता पुन मगर, अस्मिता रुचाल लगायतका कलाकारको अभिनय रहेको छ ।

ललितपुरको लेले आसपासका क्षेत्रमा छायाँकन गरिएको चलचित्रमा क्रान्ति मगरको छायाँकन र सम्पादन रहेको छ । चलचित्रमा राजेन्द्र चौधरीको द्वन्द्व, समिर मियाको भिएफएक्स र अस्मिता रुचालको मेकअप रहेको छ ।

फायर इन्टरप्राइजेन एण्ड मिडिया प्रा.लि.को व्यानरमा निर्माण भएको चलचित्रका निर्माता क्रान्ति मगर र प्रस्तुतकर्ता रोजन रखाल हुन् । हाल मेसन स्टुडियोमा पोष्ट-प्रोडक्सनको काम भइरहेको चलचित्रलाई २०२५ भित्रै प्रदर्शन गरिने निर्देशक रखालले जनाएका छन् ।

# ११ हललाई विकास बोर्डको पत्र

**काठमाडौं (प्रस)–** चलचित्र विकास बोर्डले प्रदर्शनको नियम उल्लंघन गर्ने ११ हललाई कानुनी दायरामा ल्याउन आग्रह गर्दै केही जिल्ला प्रशासन र आन्तरिक राजस्व कार्यालयहरूलाई पत्र लेखेको छ । यी हल लामो समयदेखि इजाजतपत्र नवीकरण नभईकन सञ्चालनमा रहेको, चलचित्र विकास शुल्क नतिरेको र कतिपयले प्रदर्शन इजाजत पनि नलिएको भन्दै बोर्डले पत्र काटेको हो ।




बोर्डले मोरङ, रूपन्देही, मकवानपुर, सर्लाही, बारा, सुर्खेत र धनकुटास्थित जिल्ला प्रशासन कार्यालय र त्यहाँका राजस्व कार्यालयहरूलाई पत्र पठएको बोर्डले जानकारी दिएको छ । यसअघि बोर्डले एक सूचना जारी गर्दै हलहरूलाई सचेत गराएका थियो । सूचना जारी भएपछि १२ हलले नवीकरण गराएका छन् । तर ११ हलले अटेर गरेको कारण पत्र काटिएको हो ।

# 'फेरि रेशम फिलिलि'को सकियो छांयाकन

**काठमाडौं (प्रस)–** फिल्म 'फेरि रेशम फिलिलि' को छायाङ्कन सकिएको छ । ३५ दिनमा फिल्मको सबै छायाङ्कन सकिएको हो । ४५ दिनको सुटिङ सेडुल स फ्लोरमा निस्किएको फिल्मको छायाङ्कन निर्धारितभन्दा दश दिन अघि सकिएको हो । कलाकार र प्राविधिकको सहयोग र मिहिनेतका कारण फिल्म निर्धारित समय अगाडि र सोचेभन्दा राम्रो तवरबाट सकिएको निर्माता रौनकबिक्रम कडेलले बताए । फिल्मका निर्देशक निरोज महर्जन हुन् । निर्देशक महर्जनकै लेखन रहेको फिल्ममा विनय श्रेष्ठ, कामेश्वर चौरसिया, सुपुष्पा भट्ट, नीर शाह, रवीन्द्र झा, प्रकाश घिमिरे, लक्ष्मी गिरी, महेश त्रिपाठी, एलनराज उप्रेतीलगायत कालाकारको अभिनय छ ।

फिल्मका कार्यकारी निर्माता सुरज बम ठकुरी हुन् । सिनेमा आर्टसको प्रस्तुति रहने फिल्म दि मोसन पिक्चर्सको सहकार्यमा निर्माण भएको हो । सुजन प्रजापतिको छायाङ्कन, सुरेन्द्र पौडेलको सम्पादन रहने फिल्ममा पटकथा निरोज महर्जन र आकाश बरालको छ । कालीप्रसाद बास्कोटा, एसीडी योगी, हर्क साउद, कल्याण सिंह, जयन वाइवा र दीपक शर्माको सङ्गीत फिल्ममा छ ।

रंगशाला

**एनपिएल क्रिकेट**

# विराटनगरद्वारा लुम्बिनी पराजित कर्णालीको लगातार दोस्रो हार

■ प्रभाव संवाददाता

**काठमाडौं –** काठमाडौंमा जारी सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) मा विराटनगर किंग्सले शानदार कम्ब्याक गरेको छ । बुधबार सम्पन्न दोस्रो खेलमा विराटनगरले लुम्बिनी लायन्सले दिएको विशाल १९२ रनको लक्ष्य अन्तिम बल अगावै पूरा गर्दै पहिलो प्रतियोगितामा जित हात पारेको हो ।

त्यस्तै बुधबार नै सम्पन्न पहिलो खेलमा काठमाडौं गुर्खाजले कर्णाली याक्सलाई पराजित गरेको छ । दोस्रो खेल खेलिरहेको कर्णाली याक्सले लगातार दोस्रो खेलमा पनि हार ब्यहोरेको छ । कर्णालीलाई काठमाडौंले तीन विकेटले पराजित गरेको हो । खेलको दोस्रो खेलमा त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा बुधबार सम्पन्न खेलमा विराटनगरले लुम्बिनीलाई दुई विकेट हराएको हो । यसअघि दुई खेलमा पराजित भएको विराटनगरको यो पहिलो जित हो ।



लुम्बिनी लायन्सले जितका लागि दिएको एक सय ९२ रनको लक्ष्य विराटनगरले १९ दशमलव पाँच ओभरमा आठ विकेट गुमाउँदै पूरा गरेको हो । विराटनगरको जितमा लोकेश बमले अर्धशतकीय पारी खेले । उनले ४७ बलमा ६ छक्का र तीन चौका प्रहार गर्दै सर्वाधिक ७१ रन बनाए । यस्तै, बसिर अहमदले ४०, मार्टिन गुप्टिलले २८, क्रिस सोलले १४ र दीपक बोहोराले नौ रनको योगदान दिए । बलिङतर्फ लुम्बिनीका लागि दुर्गेश गुप्ताले सर्वाधिक तीन विकेट लिए । यस्तै, रामोन सिमन्ड्स र सादबिन जफरले दुई दुई तथा विवेक यादवले एक विकेट लिए ।

त्यसअघि, टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनीले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ९१ रन बनाएको थियो । लुम्बिनीका लागि कप्तान रोहितकुमार पौडेलले सर्वाधिक ४६ रन बनाए । उनले २९ बलमा दुई छक्का र चार चौका प्रहार गरे । यस्तै, टम मूर्सले ३०, विवेक यादवले १९, अर्जुन साउदले १७, आशुतोष घिरैया र सादबिन जफरले समान १५/१५ तथा सन्दीप जोराले १२ रन बनाए । लुम्बिनीले अतिरिक्त २९ रन पाएको थियो ।

बलिङतर्फ विराटनगरका लागि कप्तान सन्दीप लामिछाने, इस्मत आलम र राजेश पुलामीले एक/एक विकेट लिए ।

**काठमाडौंद्वारा कर्णाली पराजित**

त्यस्तै बुधबारको पहिलो खेलमा काठमाडौं गुर्खाजले कर्णाली याक्सलाई पराजित गरेको छ । केहीबेर अघि सम्पन्न खेलमा काठमाडौंले कर्णालीलाई तीन विकेटले पराजित गरेको हो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ गरेको कर्णालीले निर्धारित २० ओभरको खेलमा पाँच विकेट गुमाएर एक सय ४९ रनको योगफल बनायो । एक सय ५० रनको विजयी लक्ष्य काठमाडौंले १९ दशमलव तीन ओभरमा सात विकेट गुमाएर पूरा गर्‍यो । काठमाडौं गुर्खाजका लागि सुमित महर्जनले अविजित ४० रन बनाए । उनले ३७ बल खेल्दै तीन चौका र एक छक्का हाने । यस्तै जेराड एरास्मसले २८ बलमा ३८ रनको योगदान दिए । यसमा उनको तीन चौका र दुई छक्का सामेल थिए । यस्तै कप्तान करण केसीले १० बलमा दुई छक्का र दुई चौकाको मद्दतमा २८ रन बनाए । यसैगरी माइकल लेभिटले १९ बल खेल्दै दुई चौका र एक चौकासहित २२ रन बनाए ।

बलिङतर्फ कर्णाली याक्सका लागि सोमपाल कामी, नन्दन यादव, गुल्सन झा, जिशन मक्सुद र विपिन शर्माले एक एक विकेट लिए । यसअघि कर्णाली याक्सका लागि एक सय ४९ रनको योगफल बनाउने क्रममा शिखर धवनले अर्द्धशतकीय पारी खेले । उनले ५१ बलमा चार चौका र पाँच छक्काको मद्दतमा अविजित ७२ रनको योगदान दिए । यसैगरी चाल्डिक वाल्टनले १५ बलमा पाँच चौकाको सहयोगमा २१, बाबर हायातले १८ बलमा १३ रन, गुलशन झाले १९ बलमा एक चौकाको मद्दतमा १२ तथा जिशन मक्सुदले ११ बल खेल्दै एक चौकाको सहयोगमा १४ रन बनाए ।

बलिङतर्फ काठमाडौंका लागि जेहार्ड एरास्मसले दुई तथा नाथन स्वटर, दीपेश कँडेल र कप्तान करण केसीले एक एक विकेट लिए । काठमाडौंले अहिले जवाफी ब्याटिङ गरिरहेको छ । एनपिएलअन्तर्गत बिहीबार पोखरा एभेञ्जर्स र जनकपुर बोल्ट्स पहिलो खेलमा खेल्दैछन् भने दोस्रो खेलमा काठमाडौं गुर्खाज् र सुदूरपश्चिम रोयल्सबीच खेल हुँदैछ ।

# काभा भलिबलको ट्रफी सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** त्रिपुरेश्वरस्थित कभर्ड हलमा अर्को साता सञ्चालन हुने काभा पुरुष भलिबल क्लब च्याम्पियनसिप २०२४ को ट्रफी वुधबार सार्वजनिक गरिएको छ ।

च्याम्पियन टिमलाई दिइने ट्रफी राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव टंकलाल घिसिङले एक समारोहविच अनावरण गरे ।

सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) ले पहिलोपल्ट पुरुष क्लब च्याम्पियनसिपको कार्यक्रम ल्याएको हो र पहिलो संस्करणमै उक्त प्रतियोगिता नेपाल भलिबल संघले मंसिर २२ देखि २७ गतेसम्म आयोजना गर्न लागेको हो । च्याम्पियनसिपमा घरेलु दुई टिमसहित चार देशका ५ टिमले प्रतिस्पर्धा गर्नेछन् । आयोजक देशका भएको नाताले नेपालका दुई टिमले अवसर पाएको हो ।

एनभीए लिग विजेता हेल्प नेपाल र उपविजेता गण्डकी प्रदेशसँगै इरानको चादौर मालो क्लब, भारतको क्यालिकट हिरोज, माल्दिभ्सको एचडीसी क्लबले चुनौती प्रस्तुत गर्नेछन् ।

राउन्ड रोबिन लिगका शीर्ष चार टिम सेमिफाइनलमा भिड्नेछन् । त्यसपछि नयाँ ट्रफी कब्जा गर्नको लागि फाइनल हुनेछ ।

# बार्सिलोनाको फराकिलो जित

**काठमाडौं–** स्पेनिस ला लिगा अन्तर्गतको खेलमा स्पेनिस क्लब बार्सिलोनाले फराकिलो जित निकालेको छ । मंगलबार राति भएको खेलमा बार्सिलोनाले माल्लोर्कालाई ५-१ गोल अन्तरले पराजित गरेको हो । बार्सिलोनाका लागि सुरुवाती गोल फेरान टोरेजले खेलको १२ मिनेटमा गरेका थिए । माल्लोर्काका भेडाट मुरिक्वीले ४३ मिनेटमा गोल फर्काएका थिए । पहिलो हाफमा १-१ गोल बराबरीले टुंगिएकोमा दोस्रो हाफमा बार्सिलोनाले अरू चार गोल थपेको थियो ।बार्सिलोनालाई चुनौती दिने क्रममा दुई खेल कम खेलेको रियल म्याड्रिडको ३३ अंक रहेको छ ।

**समिट एयर लि.को**

**वार्षिक साधारण सभासम्बन्धी सूचना**

**(प्रथमपटक प्रकाशित मिति : २०८१ मंसिर २० गते, बिहीबार)**

यस कम्पनीले मिति २०८१ साल आश्विन महिना २३ गते राष्ट्रिय दैनिक 'नयाँ पत्रिका'मा मिति २०८१ साल कार्तिक महिना २३ गते वार्षिक साधारण सभाको सूचना प्रकाशित गरेकोमा कारणवश तोकिएको मितिमा साधारण सभा आयोजना गर्न नसकिएको हुँदा यस कम्पनीको मिति २०८१/०८/१७ गते बसेको सञ्चालक समितिको बैंठकको निर्णय तथा कम्पनीको स्वीकृत नियमावलीको नियम १८ (३) बमोजिम २१ दिन अगावै शेयरधनीहरूलाई वार्षिक साधारण सभाको सूचना दिनुपर्ने व्यवस्था बमोजिम यस कम्पनीको आ.व. २०८०/०८१ को वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने तथा उक्त सभामा निम्न बमोजिमका प्रस्तावहरू छलफलको लागि प्रस्तुत हुने व्यहोरा सम्पूर्ण शेयरधनीहरूलाई पुनः सूचित गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान**

**मिति :-** २०८१ साल पुस १४ गते आइतबार (तदानुसार डिसेम्बर २९, २०२४)

**स्थान :-** कम्पनीको रजिष्ट्र्ड कार्यालय, का.जि.का.म.न.पा.वडा नं.९

**समय :-** १४:०० बजे ।

# राष्ट्रसंघले सन् २०२५ मा सहायताका लागि ४७ अर्ब अमेरिकी डलर रकम माग

**जेनेभा–** संयुक्त राष्ट्रसंघले बढ्दो द्वन्द्व र जलवायु संकटका कारण लाखौं मानिसलाई सहायताको आवश्यक पर्ने भन्दै आगामी वर्षका लागि ४७ अर्ब अमेरिकी डलरभन्दा बढीको माग गरेको छ। राष्ट्रसंघका नयाँ मानवीय सहायता प्रमुख टम फ्लेचरले जेनेभामा पत्रकारसँग कुरा गर्दै सन् २०२५ लाई 'चिन्ता' का साथ हेरिरहेको स्वीकारेका छन् ।

गाजा, सुडान र युक्रेनजस्ता स्थानमा भीषण द्वन्द्व चर्किरहेको र जलवायु परिवर्तन र चरम मौसमले ठूलो क्षति पुऱ्याइरहेको अवस्थामा संयुक्त राष्ट्रसंघले आगामी वर्ष विश्वव्यापी रूपमा ३० करोड ५० लाख मानिसलाई कुनै न कुनै प्रकारको आपत्कालीन सहायताको आवश्यकता पर्ने अनुमान गरेको हो ।

फ्लेचरले भने, 'हामी अहिले विश्वव्यापी रूपमा कयौं-संकटको सामना गरिरहेका छौं र यो सहयोग विश्वमा बढी संकट भेलिरहेका सबैभन्दा कमजोर मानिसहरूका लागि हो। जलवायु परिवर्तन र द्वन्द्वका कारण सिर्जित असमानताले आवश्यकताको 'व्यापक माग'लाई निम्त्याएको छ । 'ग्लोबल हच्युमेनिटेरियन ओभरभ्यु'को शुभारम्भ गर्दै फ्लेचरले राष्ट्रसंघ र यसका साझेदारहरूले खाँचोमा परेका सबै व्यक्तिसम्म पुग्न नसक्ने बताए । राष्ट्रसंघका निकाय र अन्य मानवीय संस्थाहरूले सन् २०२५ का लागि ४७ अर्ब ४० करोड अमेरिकी डलर माग गरेका छन्, जुन यस वर्षको अपिलभन्दा केही कम हो। फ्लेचरले भने, 'यो योजनापछि पनि अझै ११ करोड ५० लाख अमेरिकी अपुग हुने फ्लेचरले स्वीकार गरे ।'

विश्वभरका मानवीय कार्यमा 'दातृ निकायको थकान'ले सहायता कार्यक्रमलाई असर गरिरहेको तर्फ इंगित गर्दै उनले 'यथार्थपरक' योजना तयार पार्नुपर्नेमा जोड दिए । उनले भने, 'यसका लागि प्राथमिकता र 'वास्तवमै कठिन, कठिन छनोट' को आवश्यकता पर्छ । 'गत महिनासम्ममा यस वर्षका लागि ५० अर्ब अमेरिकी डलर को अपिलमध्ये ४३ प्रतिशतमात्र पूरा भएको थियो । यस वर्ष सिरियामा खाद्य सहायतामा ८० प्रतिशतले कमी आएको, म्यान्मारमा सुरक्षा सेवामा कटौती गरिएको र हैजाप्रभावित यमनमा पानी तथा सरसफाइ सहायतामा कमी आएको संयुक्त राष्ट्रसंघले जनाएको छ ।

तथापि, सशस्त्र द्वन्द्वमा मानिसहरूलाई सहयोग र संरक्षण गर्न सबैभन्दा ठूलो अवरोध भनेको अन्तर्राष्ट्रिय कानुनको व्यापक उल्लंघन हो। सन् २०२४ मानवीय सहायताकर्मीका लागि सबैभन्दा घातक वर्ष भइसकेको छ । गत वर्ष २८० सहायताकर्मीको मृत्यु भएको थियो ।

फ्लेचरले भने, 'विश्वव्यापी मानवीय प्रणाली 'अत्यधिक बढ्दो गति'मा छ तर आवश्यकताको तुलनामा कम वित्तपोषित छ र यो शाब्दिक रूपमा भन्दा चिन्ताजनक अवस्थामा छ।' *रासस/एएफपी*

# चीनमा हालसम्मकै सबैभन्दा तातो शरद रेकर्ड

**बेइजिङ–** चीनमा यो वर्षको शरद्मा मौसमको रेकर्ड राख्न थालेपछिको सबैभन्दा गर्मी भएको राष्ट्रिय जलवायु केन्द्रले बुधबार घोषणा गरेको छ। चीनले सन् १९६१ देखि मौसम र तापक्रमसम्बन्धी रेकर्ड राख्न थालेको थियो ।

वैज्ञानिकहरूका अनुसार हरितगृह ग्यास उत्सर्जनको प्रमुख उत्सर्जकमध्ये एक चीन भएको र यसले विश्वव्यापी जलवायु परिवर्तनलाई बढावा दिइरहेको छ, जसले चरम मौसमी दुर्घटनाहरूलाई अझ बढी नियमित बनाइरहेको छ। बेइजिङले सन् २०३० सम्ममा कार्बन डाइअक्साइड उत्सर्जनलाई उच्च बिन्दुमा पुग्ने र सन् २०६० सम्ममा शून्यमा झार्ने प्रतिबद्धता जनाएको छ। केन्द्रले आफ्नो सामाजिक सञ्जालमा उल्लेख गरेको छ, 'यस वर्षको शरद ऋतु (सेप्टेम्बर १ देखि नोभेम्बर ३०) मा राष्ट्रिय औसत तापक्रम ११.८ डिग्री सेल्सियस थियो । यो औसत वर्षको तुलनामा १.५ डिग्री बढी हो र यो सन् १९६१ यताकै सबैभन्दा बढी हो ।'

चीनको अधिकांश क्षेत्रमा औसतभन्दा एक देखि दुई डिग्री सेल्सियसभन्दा बढी तापक्रम मापन गरिएको छ भने मध्य, पूर्व, दक्षिणपश्चिम र उत्तरपश्चिम चीनका केही भागमा अघिल्लो वर्षको तुलनामा दुईदेखि चार डिग्री सेल्सियस बढी तापक्रम मापन गरिएको केन्द्रले जनाएको छ ।

केन्द्रका अनुसार लियाओनिङ, तियानजिन र चोङकिङलगायत १६ वटा प्रान्त र क्षेत्रमा सन् १९६१ यताकै सबैभन्दा उच्च औसत शरद् ऋतुको तापक्रम रेकर्ड गरिएको छ ।

चीनले सन् १९६१ यताकै सबैभन्दा गर्मी अगस्टमा आफ्नो उत्तर र पश्चिमका अधिकांश भूभागमा अत्यधिक गर्मीको सामना गर्नुपरेको केन्द्रले सेप्टेम्बरमा जनाएको थियो । *रासस/एएफपी*

# दक्षिण कोरियाली राष्ट्रपतिविरुद्ध महाभियोग प्रस्ताव

## संविधानको गम्भीर र व्यापक उल्लंघन गरेको आरोप

**सोल–** दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलविरुद्ध विपक्षी दलहरूले बुधबार महाअभियोग प्रस्ताव पेस गरेका छन् । राष्ट्रपति युनले अपराध अनुसन्धानबाट उन्मुक्ति पाउने उद्देश्यले 'मार्सल ल' घोषणा गरेर संविधानको उल्लंघन गरेको महाभियोग प्रस्तावमा उल्लेख छ।



विपक्षी दलहरूले बुधबार पेस गरेको प्रस्तावमा युनले 'गम्भीर र व्यापक रूपमा संविधान र कानुनको उल्लंघन गरेको' भनिएको छ । प्रस्तावमा मार्सल ल लगाउने उनको निर्णय 'आफू र आफ्नो परिवारसँग सम्बन्धित अवैध कार्यहरूको आसन्न अनुसन्धानबाट उन्मुक्ति पाउने असंवैधानिक र गैरकानुनी उद्देश्यका साथ' भएको पनि उल्लेख छ। युनले संसद् घेराबन्दी गर्न सैन्य र प्रहरी बल परिचालन गरेका थिए भने केही संसद् सदस्यहरूलाई पक्राउ र संसद्मा स्वतन्त्र पहुँचलाई सीमित गरेको थियो ।

'यी कार्यले मार्सल ल हटाउन माग गर्न बैठकहरूमा उपस्थित हुन सांसदहरूलाई उल्लेखनीयरूपमा बाधा पुऱ्यायो । यस्ता कदमहरू शक्ति पृथकीकरणको सिद्धान्तको सीधा उल्लंघन हो र यसले संसद् सदस्यहरूको विचार-विमर्श, मतदान र संसदीय अखण्डताको अधिकारमा असंवैधानिक हस्तक्षेप गर्छ,' प्रस्तावमा भनिएको छ ।

संसद्ले यसलाई अस्वीकार गरेपछि र हजारौं मानिसले प्रदर्शन गरेपछि बुधबार बिहान युनलाई आदेश खारेज गर्न बाध्य पारिएको थियो । *रासस/एएफपी*


## विज्ञापन रद्द गरिएको

यस प्रभाव दैनिकको वर्ष ११ अंक २१८ मितिः २०८१ मंसिर १९ गते **Felicity International Employment Agency Pvt. Ltd.** को Lot No. 309787 को विज्ञापन भूलवस प्रकाशन हुन गएकोमा रद्द गरिएको व्यहोरा अनुरोध छ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८१।०७।२३ गते काठमाडौं, गुम्बामा पार्किङ गरी राखेको कालो, रातो रङ्को 220 cc Pulsar मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**नाम :** केशव पुन
**बाइक नं.:** बा.प्र. ०२-०५४ प ०६९४
**च्यासिस नं.:** MD2A13EX5RCE83017
**इन्जिन नं. :** DKXCRE33769
**ठेगाना:** पूर्वी रुकुम-१२, पुनउत्तरगंगा
**सम्पर्क:** ९८६६२९५९०५



## कनकाई नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
जमुनाबारी, झापा
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८१/०८/२०

यस कार्यालयबाट मिति २०८१/०७/०५ गते प्रभाव राष्ट्रिय दैनिक तथा मिति २०८१/०७/१४ गते The Himalayan Times दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम मिति २०८१/०८/०५ गते र मिति २०८१।०८।१४ दिनको १२:०० बजेसम्म e-GP system:-bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्र प्रस्तावहरूको परिक्षणबाट तपसिलमा उल्लेखित बोलपत्रदाताहरूको बोलपत्र न्यूनतम मूल्यांकित सारभूतरूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा २, ३ र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| सि.नं. | विवरण | छनौट भएको बोलपत्रदाता | कबोल रकम मु अ कर समेत |
|---|---|---|---|
| १ | मसलन्द तथा स्टेशनरी सामग्री खरिद सम्बन्धी ठेक्का KANAKAI/NCB/Goods/2081/82-02 | श्री श्रद्धा एडभरटाईजिङ एण्ड सप्लायर्स बिर्तामोड ०५ झापा | रू. १४,०९,७१३.९८ अक्षरेपी चौध लाख नौ हजार सात सय तेह्र रूपैया अन्ठानब्बे पैसा मात्र |
| २ | लक्ष्मी मार्ग कालोपत्रे KANAKAI/NCB/Works/1 /2081-82 | निल गणेश कन्स्ट्रक्सन प्रा.लि. कनकाई ०५ झापा | रू. १,३४,७८,४४०.०६ अक्षरेपी एक करोड चौतिस लाख अठहत्तर हजार चार सय चालिस रूपैया छ पैसा मात्र |

**बोधार्थ**
**उल्लेखित ठेक्कामा संलग्न सबै बोलपत्रदाताहरु**



## Armed Police Force, Nepal Headquarters
### Procurement Division, Halchwok, Kathmandu, Nepal.

## Notice of Sealed Quotation Award

**Date of publication: 2081/08/20**

As per section 27(2) of Public Procurement Act-2063, This is to notify all the concerned Parties that it is our intention to award mentioned Contracts (IFQ No: APFN/SQ/G/01/2081/082) (Re-Notice) published on National Daily Newspaper Prabhab on 2081/08/02 to the substantially responsive lowest evaluated bids as mentioned in respective column.

| S.N. | Contract ID No. | Name of Procurement | Selected Bidders | Bid Amount (Including VAT) NRs. |
|---|---|---|---|---|
| 1. | APFN/SQ/G/01/2081/082/01 (Re-Notice) | Hospital Network Related Items | Smart Enterprises Pvt.Ltd., Kathmandu | 18,41,900/- |
| 2. | APFN/SQ/G/01/2081/082/02 (Re-Notice) | Vehicle Management System | Infrasoft Solution Pvt.Ltd., Lalitpur | 14,97,250/- |
| 3. | APFN/SQ/G/01/2081/082/04 (Re-Notice) | Video Items | Kalidevi Traders, Kathmandu | 14,52,954/- |
| 4. | APFN/SQ/G/01/2081/082/05 (Re-Notice) | Armourer Items | Kalidevi Traders, Kathmandu | 13,65,886/26 |
| 5. | APFN/SQ/G/01/2081/082/06 (Re-Notice) | Traffic Control Light | Kalidevi Traders, Kathmandu | 8,81,400/- |



## कतारमा रोजगार
कम्पनी : GS Iconic Cleaning & Hospitality
पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314882 | चलानी नं. ६०२२९१९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Cleaning Worker (Female) | 0 | 3 | 1100 | ४०,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Manager / Gen / Project | 0 | 1 | 5700 | २,१२,३८० | | | | | | | |
| 3 | Supervisor Worker | 0 | 1 | 2500 | ९३,१५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं.१६१५/०७९/०८०
**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com



## कुवेतमा रोजगार
कम्पनी : ETC FOOD RESTAURANT COMPANY — सच्याइएको
पूर्व स्वीकृति मिति : २०८१/०५/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 309787 | चलानी नं. ६०२२४३८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 50 | 0 | 130 | ५७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २६ गते (11th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075



## साउदीमा रोजगार
कम्पनी : Emaar Neom Contracting Est
पूर्व स्वीकृति मिति : २०८१/०८/१९ | LT. No. 314890 | चलानी नं. ६०२२९२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1200 | ४३,४२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolding Erector | 59 | 0 | 1200 | ४३,४२४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**Paradeshi Overseas Services Pvt. Ltd.**
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



## साउदीमा रोजगार
कम्पनी : BEGINNING ROADS TRANSPORT ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 314857 | चलानी नं. ६०२२९१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६४,९९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १४००/०७४/०७५
**Pashupati HR Solution Pvt. Ltd.**
Pingalasthan, Gaushala, Kathmandu, Nepal, Tel No. 014588454,
E-mail : pashupatihr17@gmail.com, www.pashupatihr.com.np



## युएईमा रोजगार
कम्पनी : KHIDMAH- SOLE PROPRIETORSHIP L.L.C. UAE
पूर्व स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 314710 | चलानी नं. ६०२२९१६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 800 | २९,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Office Girls | 0 | 50 | 1000 | ३६,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. १६५२/०८०/०८१
**Yovant Recruitment Services PVT. LTD.)**
Samakhushi-26, Kathamndu, Nepal Phone No.01-4973973
Mob : 9815015291, 9849842264, 9851019844, 9769359609, yovant1652@gmail.com



## कतारमा रोजगार
कम्पनी : Joint Power Automotive WLL
पूर्व स्वीकृति मिति : २०८१/०१/०३ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१८ | LT. No. 303499 | चलानी नं.६०२१०९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 2 | 0 | 1000 | ३७,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Technician | 2 | 0 | 1100 | ४०,८६० | | | | | | | |

कम्पनी : METRO PLASTIC FACTORY
पूर्व स्वीकृति मिति : २०८१/०८/१७ | LT. No. 314748 | चलानी नं.६०२२९०८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 5 | 0 | 1000 | ३७,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Truck driver/driver | 1 | 0 | 1900 | ७०,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २७ गते (12th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्याहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्याहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्याहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्याहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. ०९५/०५३/०५४
**INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.**
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सन्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६१८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३१८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १५०४०० | प्रति तोला – ० | प्रति तोला – १८६५ |



**प्याजको बेर्ना बिक्रीको तयारी** | दाङ देउखुरीको लमही नगरपालिका–४ स्थित घोराहीको रझेना चोकमा प्याजको बेर्ना बिक्री गर्न ग्राहक कुर्दै सेमरहवाका स्थानीय महिला। *तस्बिरः कुलदीप न्यौपाने/रासस*

## सुपर काबेली 'ए' जलविद्युत् आयोजनाको उत्पादन सुरु

■ प्रभाव संवाददाता

**फुङ्लिङ (ताप्लेजुङ)** – स्नो रिभर्स लिमिटेडले निर्माण गरेको १३ दशमलव पाँच मेगावाट क्षमताको सुपर काबेली 'ए' जलविद्युत् आयोजना औपचारिक रूपमा विद्युत् उत्पादन सुरु भएको छ । सिरिजङ्घा गाउँपालिका–८ याम्फुदिनस्थित आयोजनाको उत्पादन पाँचथरको हिलिहाङ गाउँपालिकामा रहेको नेपाल विद्युत् प्राधिकरणको एक सय ३२ केभिए क्षमताको अमरपुर सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो ।

आयोजनाको उत्पादन परीक्षण एक सातासम्म सञ्चालन गरी सफल भएपछि विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको आयोजनाका जनसम्पर्क अधिकृत मेघनाथ ढुङ्गानाले जानकारी दिए । याम्फुदिनस्थित विद्युत् गृहबाट ३१ किलोमिटर दूरीमा रहेको अमरपुर सबस्टेसनसम्मको विद्युत् प्रसारण प्रणाली निर्माण सम्पन्न गरिएको छ । विसं २०७९ मङ्सिर अन्तिम सातादेखि सुरु भएको आयोजनाको निर्माण रु दुई अर्ब ६३ करोड २९ लाख लागतमा छोटो अवधिमै सम्पन्न भएको हो । सुपर काबेली 'ए' आयोजनाको निर्माण सम्पन्न भएसँगै ताप्लेजुङमा उत्पादन भइरहेको जलविद्युत् आयोजनाको संख्या आठ पुगेको छ ।

ताप्लेजुङमा हालसम्मका सबैभन्दा ठूला आयोजनामध्ये ७३ मेगावाट क्षमताको मध्य तमोर जलविद्युत् आयोजना प्रमुख हो । त्यसलाई सानिमा हाइड्रो कम्पनीले निर्माण गरेको हो । त्यस्तै, अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनीद्वारा सञ्चालित २५ मेगावाट क्षमताको काबेली 'बी-१' र १० मेगावाट क्षमताको काबेली 'बी-१' क्यासकेट आयोजना पनि यस क्षेत्रका महत्वपूर्ण आयोजना हुन् ।

इँवाखोला जलविद्युत् आयोजनामा नौ दशमलव नौ मेगावाट र माथिल्लो इँवाखोला आयोजनामा नौ दशमलव सात मेगावाट क्षमताको विद्युत् उत्पादन भइरहेको छ। यी आयोजना ताप्लेजुङ र पाँचथरको सिमानामा बग्ने इन्द्रावती खोलाबाट सञ्चालित छन् ।

## नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तासँग आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले नेपालमा लगानी बढाउन चिनियाँ लगानीकर्तासँग आग्रह गरेका छन् । चीनको औपचारिक भ्रमणमा रहेका उनले बेइजिङमा आयोजित 'नेपाल-चीन बिजनेस समिट'लाई सम्बोधन गर्दै नेपालमा लगानी वातावरण बन्दै गएको र धेरै क्षेत्र अझै पनि पर्याप्त लगानी भइनसकेकाले लगानीका लागि आग्रह गरे ।

नेपाल उद्योग वाणिज्य महासङ्घ, चाइना काउन्सिल फर प्रोमोसन अफ इन्टरनेसनल ट्रेड (सिसिपिआइटी) र चीनस्थित नेपाली दूतावासले संयुक्त रूपमा आयोजना गरेको सम्मेलनमा उनले भने, 'नेपालमा विदेशी लगानी आकर्षित गर्न निरन्तर सुधारका काम भइरहेका छन् । थप नीतिगत र व्यावहारिक सुधार गरी लगानी विस्तार र व्यापार सहजीकरणका लागि तयार छौँ ।'




द्विपक्षीय व्यापार प्रवर्द्धन, पर्यटन क्षेत्रको विकास र नेपालमा चिनियाँ लगानी आकर्षित गर्ने उद्देश्यले आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रधानमन्त्री ओलीले नेपालमा लगानीको वातावरण सुधार हुँदै गइरहेको बताए । नेपाल र चीनको परम्परागत सम्बन्ध रहेको बताउँदै दुई देशको आपसी सम्बन्धले आर्थिक विकास सम्भव भएको उनको भनाइ छ ।

प्रधानमन्त्री ओलीले निजी क्षेत्रको सहकार्यलाई सरकारले प्राथमिकता दिएको र सोहीअनुसार व्यावसायिक वातावरण बनाउँदै लगिएको बताए । उनले निजी क्षेत्र अर्थतन्त्रको मेरुदण्ड भएको र स्वदेशी एवं विदेशी लगानीको संरक्षणमा सरकार सधैँ तत्पर रहेको बताए ।

चीन नेपालमा धेरै लगानी गर्ने मुलुकमध्ये एक रहेको र व्यापारमा दोस्रो ठूलो मुलुक भए पनि दुई देशबीचको व्यापार घाटा चिन्ताको विषय रहेको प्रधानमन्त्री ओलीको भनाइ छ । नेपालका कृषिजन्य उत्पादनको चीनमा बजार रहेकाले व्यापार सहजीकरणका लागि प्रयत्न गर्नुपर्ने उनले बताए ।

सम्मेलनलाई सम्बोधन गर्दै चिनियाँ वाणिज्य उपमन्त्री लिङ जीले चीन र नेपालबीचको सम्बन्ध निकै पुरानो रहेको एवं आर्थिक गतिविधि पनि बढिरहेको बताए । साथै नेपालमा चिनियाँले लगानी बढाइरहेको र आगामी दिनमा पनि लगानी बिस्तार हुने प्रतिबद्धता व्यक्त गरे । चीन नेपालको दोस्रो ठूलो व्यापारिक साझेदार रहेको बताउँदै उपमन्त्री जीले चीनको बाटो भएर अन्य मुलुकमा पनि व्यापार बढाउन पारबहन सहजीकरण गरिने उल्लेख गरे । चीनले यही डिसेम्बरबाट अतिकम विकसित मुलुकका उत्पादनलाई दिएको भन्साररहित सुविधाले नेपाल लाभान्वित हुने उनको भनाइ छ ।

सम्मेलनमा महासंघ अध्यक्ष चन्द्रप्रसाद ढकालले पछिल्लो एक नेपालले व्यावसायिक वातावरण बनाउन गरेको पहलबारे जानकारी गराए । सरकारले लगानी सहजीकरणसम्बन्धी आठ वटा कानुन एकसाथ संशोधन गरेको र द्विपक्षीय लगानी सम्झौताको खाका पनि तयार भएको उनको भनाइ छ ।

यसैगरी, पहिलोपटक नेपालको क्रेडिट रेटिङ भएको र उक्त रेटिङ दक्षिण एसियामा भारत पछि सबैभन्दा राम्रो आएको जानकारी पनि ढकालले गराए । यसले लगानीकर्ताहरू ढुक्क भएर लगानी गर्ने वातावरण तयार भएको उनले भनाइ छ । साथै उनले सीमा क्षेत्रको पूर्वाधार लगायतको स्तरोन्नति एवं भैरहवा र पोखरा विमानस्थलमा चीनबाट सिधा उडानका लागि दुवै देशका सरकार र निजी क्षेत्रले सक्रियतापूर्वक पहल गर्नुपर्नेमा जोड दिए ।


महासंघ अध्यक्ष ढकालले जलविद्युत्, पर्यटन, उत्पादनमूलक क्षेत्र र सूचना प्रविधिलगायतका सेवा क्षेत्रमा प्रशस्त सम्भावना रहेको बताए । पछिल्लो समय पर्यटन पूर्वाधारहरू जस्तै केबलकार, थिम पार्क, रिसोर्टलगायतमा विदेशी लगानीको बढी सम्भावना देखिएको उनले बताए। नेपाल चिनियाँ पर्यटकका लागि आकर्षक गन्तव्य भएको बताउँदै अध्यक्ष ढकालले चीन सरकारले नेपाललाई प्राथमिकतामा राख्न पनि आग्रह गरे ।

## माथिल्लो तामाकोसीको उत्पादन मध्य पुसबाट

■ प्रभाव संवाददाता

**काठमाडौं–** हाल सञ्चालनमा रहेका जलविद्युत् आयोजनामध्ये सबैभन्दा ठूलो चार सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाबाट आगामी पुस १० गतेभित्र विद्युत् उत्पादन गर्नेगरी मर्मतसम्भार तालिका तय गरिएको छ ।

गत असोज ११ र १२ गतेको अविरल वर्षाका कारण आएको पहिरोले दोलखाको बिगु गाउँपालिका-१ लामाबगरस्थित माथिल्लो तामाकोसी जलविद्युत् केन्द्रको बाँध क्षेत्रका संरचना (हेडवर्कस) मा ठूलो क्षति पुऱ्याएको थियो । बाँधस्थलभन्दा केही तल दायाँतर्फ रहेको नियन्त्रण कक्ष (कन्ट्रोल रूम) भवन, बालुवा थिग्र्याउने पोखरी (डिस्याण्डर) र बाँधबाट डिस्याण्डरसम्म पानी पुऱ्याउने भूमिगत नहर (कल्भर्ट) मा ठूलो क्षति पुगेको थियो ।



दुई वटा डिस्याण्डरमध्ये बायाँतर्फको डिस्याण्डरको मर्मतसम्भार आगामी पुस १० गतेभित्र सम्पन्न गरी विद्युत् उत्पादन सुरू गर्ने तालिका तय गरिएको आयोजनाले जनाएको छ । यसका लागि आंशिक रूपमा क्षति पुगेको डिस्याण्डरको पर्खालको पुरानो ढलानलाई भत्काएर मर्मत गरिनेछ। यसैगरी, कल्भेटको भित्ता र सिलिङमा देखिएका चिराहरूको ग्राउटिङ गर्ने काम समानान्तर रूपमा अगाडि बढाइनेछ ।

दायाँतर्फको अर्को डिस्याण्डर मर्मत र हाल सतहमा रहेको कन्ट्रोल रूमलाई भूमिगत बनाउन डिजाइन गरी पुनर्निर्माण प्रक्रिया तत्काल अगाडि बढाइनेछ । यो काम आगामी वर्षायाम सुरू हुनुभन्दा अगाडि नै सक्ने लक्ष्य तय गरिएको छ । वर्षाले क्षति पुगेको आयोजनाको विद्युत् प्रवाह गर्ने प्रसारण लाइनको एउटा टावरको मर्मतसम्भार सकिएको छ ।

आयोजनाको प्रवर्द्धक कम्पनी अपर तामाकोशी हाइड्रोपावर लिमिटेड सञ्चालक समितिका अध्यक्षसमेत रहेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, कम्पनी सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत (सिइओ) सहितको टोलीले आयोजनाको स्थलगत अनुगमन गरी हाल भइरहेको मर्मतसम्भारको जानकारी लिएको थियो ।

टोलीबाट आयोजना व्यवस्थापन, परामर्शदाता र निर्माण व्यवसायीसँग छलफल गरी पुस १० भित्र विद्युत् उत्पादन सुरू गर्ने र त्यसको १५ दिनभित्रमा विद्युत् बढी माग हुने पिक समयमा चलाउने गरी मर्मतसम्भार सम्पन्न गर्ने गरी समय तालिका तय गरिएको छ। विद्युत् कम माग हुने समयमा पानी जम्मा गरी आयोजनालाई पिक समयका चार घण्टा पूर्ण क्षमतामा चलाउन सकिन्छ । हिउँदयामा विद्युत्गृह चलाउन नसकेमा आन्तरिक रूपमा विद्युत् माग र आपूर्ति व्यवस्थापन चुनौतीपूर्ण देखिएकाले सञ्चालक समितिको टोली जतिसक्दो छिटो विद्युत्गृहलाई सञ्चालनमा ल्याउन अपनाउनुपर्ने उपायहरू तय गर्न स्थलगत अनुमगनमा गएको हो ।

कार्यकारी निर्देशक घिसिङले माथिल्लो तामाकोसीबाट तोकिएको समयमा विद्युत् उत्पादन गर्न नसकिएमा देशभित्रको मागबमोजिम विद्युत् आपूर्ति गर्न नसकी अप्ठ्यारो अवस्था आउने भएकाले मर्मतसम्भारमा सबै गम्भीर र संवेदनशील भएर लाग्न आग्रह गरे। 'आगामी मार्चसम्म दिउँसो र राति मात्र भारतबाट विद्युत् आयात अनुमति पाएकाले आन्तरिक उत्पादनले हिउँदयामको साँझ र बिहान (पिक समय)को विद्युत् माग धान्न गाह्रो छ, मार्च र अप्रिलमा रातिमासमेत आयात गर्न अनुमति पाएका छैनौँ, यस्तो अवस्थामा पिकिङ गर्न सकिने माथिल्लो तामाकोसी आएन भने अप्ठ्यारो अवस्था आउने छ', घिसिङले भने ।

अविरल वर्षाका कारण तामाकोसी नदीमा पानीको बहाव उच्च भएपछि असोज ११ गते साँझ ७ बजेदेखि विद्युत् उत्पादन उत्पादन बन्द गरिएको थियो । बाँधका सम्पूर्ण ढोका (गेट) हरू खुला गरिएको थियो । जसका कारण आयोजनाका संरचनाको सम्भावित क्षति रोकिएको थियो । कम्पनीका सिइओ मोहनप्रसाद गौतमले मर्मतसम्भारका हरसम्भव उपायहरू अवलम्बन गरी तय गरेको तालिकाबमोजिम विद्युत् उत्पादन सुरू गर्ने गरी काम भइरहेको बताए

## चार महिनाभित्र लेखापरीक्षण गर्न अर्थ मन्त्रालयको निर्देशन

**काठमाडौं (प्रस)–** पछिल्लो नौ वर्षयता लेखापरीक्षण गर्न नसकेको राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडलाई अबको चार महिनाभित्र लेखापरीक्षण गरिसक्न अर्थ मन्त्रालयले निर्देशन दिएको छ ।

राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडका पदाधिकारीसहित अर्थ मन्त्रालयमा बुधबार भएको बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लामो समयसम्म लेखापरीक्षण नहुनु कसैका लागि पनि हितकर नभएको बताए। उनले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराउन सरोकारवालाहरूलाई निर्देशन दिए ।

राष्ट्रिय जीवन बिमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७१/७२ देखि अन्तिम लेखापरीक्षण सम्पन्न हुनसकेको छैन। अन्तिम लेखापरीक्षण सम्पन्न भएपछि मात्र कम्पनीको साधारणसभा गर्न पनि अर्थ मन्त्रालयले निर्देशन दिएको अर्थमन्त्री पौडेलको सचिवालयले जनाएको छ ।

बैठकमा महालेखा परीक्षकको कार्यालय, नेपाल बिमा प्राधिकरण, अर्थ मन्त्रालय, राष्ट्रिय जीवन बिमा कम्पनीका पदाधिकारीहरूको उपस्थिति थियो ।

## नेप्सेमा दोहोरो अंकको गिरावट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा गिरावट देखिएको छ। नेप्से परिसूचक २४ दशमलव ९७ अंकले घटेर दुई हजार सात सय ५० दशमलव ८७ को बिन्दुमा कायम भएको हो। तीन सय २० कम्पनीको दुई करोड तीन लाख ३२ हजार ६६ कित्ता शेयर ९६ हजार छ सय ७७ पटक खरिदबिक्री हुँदा रू नौ अर्ब १३ करोड २४ लाख ६८ हजार नौ सय छ बराबरको कारोबार भएको छ।

जलविद्युत् समूह शून्य दशमलव ५९, उत्पादन तथा प्रशोधन शून्य दशमलव १४ र लघुवित्त शून्य दशमलव १२ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। सबैभन्दा बढी व्यापार समूह आठ दशमलव ७२ प्रतिशतले घटेको छ।

बैंकिङ शून्य दशमलव ३४, विकास बैंक एक दशमलव ९४, वित्त एक दशमलव २४, होटल तथा पर्यटन शून्य दशमलव ४० र लगानी समूह शून्य दशमलव शून्य दुई प्रतिशतले घटेको छ। त्यस्तै जीवन बिमा एक दशमलव ५०, म्युचुअल फण्ड शून्य दशमलव ३४, निर्जीवन बिमा शून्य दशमलव ३३ र अन्य समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ।

खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्य सबैभन्दा धेरै नौ दशमलव ९९ प्रतिशतले बढेको छ। सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड र लाइफ इन्स्योरेन्स कर्पोरेसन (नेपाल) लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा बढी जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनीको रू ३० करोड ३० लाख ६९ हजार दुई सय २५ को कारोबार भएको छ।

कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा बढी आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडको ११ लाख ९५ हजार नौ सय ८४ कित्ता शेयर किनबेच भएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ